# आधारभूत तहका विद्यार्थीहरुले कक्षा छाड्नका कारणहरु

स्नातकोत्तर तह (एम.एड.) द्वितीय वर्षको शैक्षिक योजना तथा
व्यवस्थापन विषयको आंशिक आवश्यकता परिपूर्तिका लागि
शैक्षिक योजना तथा व्यवस्थापन विभागमा प्रस्तुत

शोध पत्र


शोधकर्ता
बद्री कार्की
त्रि.वि. दर्ता नं. : २८१४५-९३
परीक्षा रोल नं. : २०४०००५
क्याम्पस रोल नं. : १०९

श्री कनकाई बहुमुखी क्याम्पस
शैक्षिक योजना तथा व्यवस्थापन विभाग
सुरुङ्गा, झापा


कार्तिक, २०६८

# कृतज्ञता

त्रिभुवन बिश्वबिद्यालय शिक्षा शास्त्र संकाय अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको आंशिक आवश्यकता पूरा गर्ने हेतुले **आधारभूत तहका विद्यार्थीहरुले कक्षा छाड्नका कारणहरु** शीर्षकमा शोधपत्र प्रस्तावना स्वीकृत गरी यस विषयमा शोध कार्य गर्ने अवसर प्रदान गरेकामा श्री कनकाई वहुमुखी क्याम्पस, सुरुङ्गा, झापा प्रति आधार व्यक्त गर्दछु ।

यस शोधपत्र तयार पार्न प्रस्तावना स्वीकृत गरी शोध लेखनको अध्ययनको क्रममा निकट रहि निरन्तर सल्लाह सुझाव र मार्ग निर्देशनका साथ उत्प्रेरणा दिई सहयोग पु¥याउनु हुने आन्तरिक निरीक्षक आदरणीय श्री मोहनप्रसाद ओली, कनकाई वहुमुखी क्याम्पस शिक्षा शास्त्र विभाग प्रमुख श्री आशा शर्मा शिवाकोटी, विभागमा आवद्ध अन्य प्राध्यापक ज्यूहरु त्यसै गरी अभिमुखीकरणमा अमूल्य सल्लाह, सुझाव तथा मार्ग दर्शन गर्नु हुने आदरणीय श्री प्राध्यापक डा. वाशुदेव काफ्ले, प्राध्यापक श्री हेमराज ढकाल, कनकाई वहुमुखी क्याम्पसका क्याम्पस प्रमुख टंकवहादुर कार्की प्रति हार्दिक आभार प्रकट गर्दछु । अध्ययनको सिलसिलामा प्रत्यक्ष परोक्ष रुपमा सहयोग पु¥याउनु हुने नमुना विद्यालयका विद्यार्थी, अभिभावक, प्र.अ., शिक्षक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक अभिभावक संघका अध्यक्ष, स्रोतव्यक्ति, विद्यालय निरीक्षक तथा जिल्ला शिक्षा कार्यालय झापाका कर्मचारीहरु प्रति सोधसँग सम्बन्धित विभिन्न समस्या र जिज्ञासाहरुको सहज समाधान गर्न सहयोग पु¥याउनु भएकोमा सवैलाई हार्दिक धन्यवाद दिन चाहान्छु ।

अन्त्यमा यो शोधपत्र छपाईका क्रममा सहयोग पु¥याउनु हुने श्री तिलक कार्की ज्यू र भाषा शुद्धीमा सहयोग गर्नु हुने दीपक सुवेदीलाई हार्दिक धन्यवाद दिन चाहान्छु ।

बद्री कार्की

# शोध सार

आधारभूत तहका विद्यार्थीले  कक्षा छाड्नका कारणहरु शीर्षकमा यो शोधपत्र तयार गरिएको छ । यसको मुख्य उद्देश्य बिद्यार्थीले कक्षा छाड्नका कारणहरुको बिश्लेषण गरी समाधानका लागि सुझावहरु प्रस्तुत गर्नु रहेको छ । यसमा तीन वटा सहायक उद्देश्य र चार वटा अनुसन्धानात्मक प्रश्न राखिएको छ ।

यो शोधकार्य झापा जिल्ला अन्तर्गत् गौरादह श्रोतकेन्द्रका १९ वटा विद्यालयलाई जनसंख्या मानी उद्देश्यमूलक नमूना छनौटका आधारमा ४ वटा विद्यालयलाई नमूना छनौट गरी अनुसन्धान गरिएको छ । अनुसन्धानको मूल आधार मास्लोको आवश्यकता श्रृखला सिद्धान्तमा आधारित रहेको छ । प्राथमिक तथा द्वितीय श्रोतहरुको उपयोग गरी तथ्यांक संकलन गरिएको छ । प्राप्त तथ्यांकहरुलाई संख्यात्मक ढांचाबाट प्रस्तुत गरी वर्णनात्मक ढांचाबाट ब्याख्या र विश्लेषण गरिएकाले यो अध्ययन मात्रात्मक र गुणात्मक दुवै संरचनामा आधारित रहेको छ ।

यस अध्ययनबाट विद्यार्थीहरुले  कक्षा छाडनुको मूल कारण अभिभावकको कमजोर आर्थिक अवस्था, विद्यालयमा बालमैत्री बातावरणको अभाव, अभिभावकमा शैक्षिक चेतनाको कमी, शिक्षकको पेशाप्रति निश्क्रियता र नैराश्यता, समयसापेक्ष शिक्षा नीतिको अभाव ,फितलो निरीक्षण प्रणाली र ब्यवसायिक शिक्षाको अभाव मुख्य निष्कर्ष रहेको छ । यी समस्याहरुको समाधानका लागि समयसापेक्ष शिक्षा नीति तर्जुमा गर्न, अभिभावकहरुको चेतना अभिबृद्धिका लागि साक्षरता अभियान सञ्चालन गर्न, निरीक्षण प्रणालीमा सुधार ल्याउन, बालमैत्री कक्षा ब्यवस्थापनमा ध्यान दिन, शिक्षकहरुको क्षमता अभिबृद्धिमा ध्यान दिन, ब्यवसायिक तथा प्राविधिक शिक्षामा जोड दिन सरोकारवालाहरुलाई सुझाव प्रस्तुत गरिएको छ ।

# विषय सूची

| क.सं. | विषय शीर्षक | पेज नंबर |
|---|---|---|
| | शोध निर्देशकको सिफारिस पत्र | i |
| | मूल्याङ्कन समितिको स्वीकृति पत्र | ii |
| | कृतज्ञता | iii |
| | शोधसार | iv |
| | विषय सूची | v |
| | संक्षिप्त शब्दावली | ix |
| | तालिकाहरुको सूची | x |
| | चित्र सूची | xi |

## परिच्छेद एक

## परिचय

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन ३

१.३ अध्ययनको औचित्य ५

१.४ अध्ययनको उद्देश्य ७

१.५ अनुसन्धानात्मक प्रश्नहरु ८

१.६ अध्ययनको परिसीमा ८

१.७ मुख्य शब्दावलीको परिभाषा ९

## परिच्छेद दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

२.१ सैद्धान्तिक खाका १०

२.२ सम्बन्धित साहित्यको पुनरावलोकन १२

२.३ शैक्षिक उपादेयता १५

## परिच्छेद तीन

## अनुसन्धान विधि


३.१ अनुसन्धान ढाँचा १७

३.२ नमूना छनौट प्रकृया १७

क) जनसङ्ख्या १७

ख) नमुनाको आकार १७

३.३ तथ्याङ्क सङ्कलन प्रकृया १७

३.४ नमूना छनौटका आधार १८

३.५ अध्ययनका साधनहरु १९

३.६ तथ्याङ्कका स्रोतहरु २०

क) तथ्याङ्कको प्राथमिक स्रोत २०

ख) तथ्याङ्कको द्वितीय स्रोत २०

३.७ तथ्याङ्कको विश्लेषण प्रकृया २०


## परिच्छेद चार

## तथ्यांकको विश्लेषण र व्याख्या


४.१ विद्यालय छाड्ने विद्यार्थीको वर्तमान अवस्था २३

४.२ गौरादह स्रोत केन्द्रको वर्तमान विद्यालय छाड्ने वालवालिकाको विवरण २५

४.३ नमूना विद्यालयको कक्षामा भर्ना र कक्षा छोड्ने विद्यार्थीहरुको विवरण २९

४.४ बीचैमा कक्षा छाड्ने कारण ३१

४.४.१ प्र.अ. तथा शिक्षकको धारणा ३१

४.४.२ बीचैमा पढाई छाड्ने बालबालिकाको विवरण ३२

४.४.३ बालबालिकाहरुले पढाई छाड्नेमा मुख्य जिम्मेवार पक्ष ३२

४.४.४ बालबालिकाहरुले बीचैमा कक्षा छाड्ने समस्या समाधान गर्ने उपायहरुको विवरण ३३

४.४.५ विद्यालयमा फर्काउने उपायहरु ३४

४.५ विद्यालय नजाने विद्यार्थीमा अभिभावकहरुको शिक्षा प्रतिको धारणा ३५

४.५.१ विद्यालय नजाने अभिभावकहरुका छोराछोरीको विवरण ३५

४.५.२ बालालिकाहरुले पढाई छाड्ने कारणहरु ३६

४.५.३ विद्यालय छाडी वसेका वालवालिकाहरुले के गरेर दिन बिताउँछन् ३७

४.५.४ विद्यालयमा फर्काउने उपायहरु ३८

४.५.५ कक्षा छाड्ने समस्याहरुको समाधान गर्ने उपायहरु ३९

४.६ पढाई छाडेर वसेका वालवालिकाहरुसँग लिएको धारणा ४०

४.६.१ पढाई छाडेको कति वर्ष भयो भन्ने विवरण ४०

४.६.२ विद्यालय छाड्नु परेको कराण सम्बन्धी विवरण ४१

४.६.३ अनुभव विवरण ४१

४.६.४ साथी विद्यालय जाँदा तिमी घरमा के गरेर दिन विताउँछौ ४२

४.६.५ विद्यालय छाड्ने वालवालिकाहरुलाई पुनः विद्यालयमा फर्काउने उपायहरु ४२

४.६.६ तपाईलाई पढन् कसैले सहयोग गऱ्यो भने पढनु हुन्छ ? ४३

४.७ विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक अभिभावक संघका अध्यक्ष र स्थानीय वुद्धिजीवीहरुसँगको धारणा ४३

४.७.१ बालबालिकाहरुले पढाई छाड्ने अवस्थालाई रोक्ने उपायहरु ४४

४.७.२ बालबालिकाहरुले बीचैमा किन पढाइ छाड्छन् ? ४४

४.७.३ बालबालिकाहरु अनुत्तीर्ण हुनुमा सवैभन्दा वढी जिम्मेवार को छ ? ४५

४.७.४ पढाइ छाडी घरमा बसेका वालवालिकाहरुलाई विद्यालयमा फर्काउने उपायहरु ४६

४.७.५ वालवालिकाहरुले पढाई छाड्नुको मुख्य कारणहरु ४६

४.८ जिल्ला शिक्षा कार्यालयका स्रोतव्यक्ति तथा विद्यालय निरीक्षकहरु तथा कर्मचारीहरुबाट प्राप्त नतिजा ४७

४.८.१ तपाईले अनुगमन गर्ने विद्यालयहरुबाट पुरै सत्य तथ्य प्राप्त हुन सकेको छ ४८

४.८.२ तपाईको स्रोतकेन्द्र अन्तरगतका बालबालिकारुहले के कारणले विद्यालय छाड्ने गरेका छन् ४८

४.८.३ विद्यालय छाड्ने बालबालिकाहरुलाई विद्यालय छाड्नबाट रोक्ने उपायहरु ४९

४.८.४ बालबालिकाहरु अनुत्तीर्ण हुनुमा सवैभन्दा बढी जिम्म्वार को हुन्छ ? ५०

४.८.५ विद्यार्थीलाई कक्षामा टिकाइ राख्ने उपायहरु के हुन सक्छन् ? ५०

## परिच्छेद पाँच

## प्राप्ति, निष्कर्ष तथा सुझावहरु

५.१ प्राप्ति ५२

५.२ निष्कर्ष ५४

५.३ सुझाव तथा सिफारिसहरु ५५

५.३.१ नीति निर्माता ५६

५.३.२ अभिभावक ५६

५.३.३ बालबालिका ५७

५.३.४ प्र.अ. तथा शिक्षक ५७

५.३.५ अनुसन्धानकर्ता ५७

५.३.६ अन्य सुझावहरु ५८

सन्दर्भ सामग्री ५९

अनुसूचीहरु ६०-७०

# संक्षिप्त शब्दावलीको सूची

| | |
|---|---|
| प्र.अ. | प्रधानाध्यापक |
| क्र.सं. | क्रम संख्या |
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| मा.वि. | माध्यमिक विद्यालय |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| जि.शि.का. | जिल्ला शिक्षा कार्यालय |

# तालिकाहरुको सूची

१. नेपालमा जम्मा विद्यार्थी भर्ना संख्या २३
२. नेपालमा परीक्षामा सम्मिलित विद्यार्थी संख्या २३
३. नेपालमा कक्षा छाड्ने विद्यार्थी संख्या २४
४. गौरादह स्रोत केन्द्रको वर्तमान विद्यालय छाड्ने वालवालिका विवरण २५
५. परीक्षामा सम्मिलित संख्या २६
६. विद्यालय छाड्ने वालवालिका संख्या २७
७. नमूना छनौट गरेका विद्यालयहरुको कक्षा छाड्ने विद्यार्थीको प्रतिशत २९
८. बीचैमा पढाइ छाड्ने मुख्य कारणहरु ३१
९. बीचैमा पढाइ छाड्ने छात्र छात्रा विवरण ३२
१०. बालबालिकाहरुले पढाइ छाड्नुमा जिम्मेवार ३२
११. समाधानका उपायहरु ३३
१२. विद्यालय फर्काउने उपायहरु ३४
१३. लैङ्गिक विवरण ३५
१४. पढाई छाड्ने कारणहरु ३६
१५. बालबालिकाका कामहरु ३७
१६. विद्यालय फर्काउन उपाय ३८
१७. समस्या समाधानका उपायहरु ३९
१८. पढाइ छोडेको अवधी ४०
१९. विद्यालय छाड्ने कारण ४१
२०. अनुभव ४१
२१. बालबालिकाका कामहरु ४२
२२. विद्यालय फर्काउने उपाय ४२
२३. विद्यार्थीको धारणा ४३
२४. समस्या समाधानका उपायहरु ४४
२५. विद्यालय छाड्नका कारणहरु ४४
२६. जिम्मेवार पक्ष को ? ४५
२७. विद्यालय फर्काउने उपायहरु ४६
२८. पढाइ छाड्नुका मुख्य कारणहरु ४६
२९. तथ्यांकको सत्यता ४८
३०. विद्यालय छाड्नका कारणहरु ४८
३१. समस्या समाधान गर्ने उपायहरु ४९
३२. अनुत्तीर्ण हुने कारणहरु ५०

# चित्रहरुको सूची


१. प्रा.वि. तहमा भर्ना, परीक्षामा सम्मिलित र कक्षा छाड्ने सख्या २५

२. गौरादह स्रोतकेन्द्रको वर्तमान भर्ना, परीक्षामा सम्मिलित र कक्षा छाड्ने सख्या २८

३. नमूना छनौट गरेका विद्यालयहरुको कक्षा छाड्ने प्रतिशत ३०

४. बालबालिकाहरुले पढाइ छाड्नुमा जिम्मेवार ३३

५. विद्यालय फर्काउने उपायहरु ३४

६. पढाइ छाड्ने कारणहरु ३७

७. विद्यालय फर्काउने उपाय ३८

८. पढाइ छाड्नका मुख्य कारणहरु ४७

# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा मानिसको तेस्रो आँखा हो । ज्ञान, सीप र अभिवृद्धिको सम्वाहक हो । मानव सभ्यताको सिंढी हो । समग्र देश विकासको मेरुदण्ड हो । त्यो देश जसले आफ्ना आम नागरिकका लागि शिक्षाको पहुँच पुऱ्याउन सक्दैन तव त्यो देशले प्रगति उन्नतीको आशा नगरे हुन्छ । आफ्नो देशका आम नागरिक साक्षर र शिक्षित भए मात्र देश सवल, सक्षम र आत्मनिर्भर हुन सक्छ भन्ने विश्वव्यापी मान्यता रहँदै आएको छ । देशमा वासोवास गर्ने नागरिकलाई अनुशासित, नैतिकवान, देशभक्त, कर्तव्यपरायण, सिर्जनशिल र परिश्रमी बनाउन शिक्षाले अहम् भूमिका निर्वाह गरेको हुन्छ । वास्तवमा आजको एक्काइसौं शताब्दीको विज्ञान र प्रविधिको युगमा शिक्षा रहर वा वाध्यता नभएर अनिवार्य आवश्यक भएको छ । यसै यर्थाथताको परिणाम स्वरुप नेपालमा पनि आदिमकाल देखि नै प्रत्यक्ष अप्रत्यक्ष रुपमा शिक्षा लिने दिने चलन चलिरहेको पाइन्छ । नेपालको शैक्षिक इतिहास पल्टाउँदा गुरुकुल, ऋषीकुल, देवकुल, पितृकुल, राजकुल आदि कालखण्ड अनुरुपका माध्यमबाट आजको यस रुपमा शिक्षाको अवस्था आइपुगेको पाइन्छ ।

संसारका आर्थिक समृद्धि मजवुद भएका विकसित देशहरुमा समेत मानवका सम्पूर्ण समस्या, अभाव र आवश्यकताको समाधान गर्ने रामवाणका रुपमा शिक्षाले भूमिका खेलेको पाइन्छ भने नेपाल र नेपाल जस्तो विकासोन्मुख राष्ट्रहरुको चौतर्फी विकास र मानव सम्वृद्धिका लागि शिक्षा संजीवनी नै सावित भएको छ तर यस्तो महत्वपूर्ण क्षेत्रको समयानुकूल विकास र व्यवस्थापन गर्न नसक्दा हाम्रो जस्ता देशबाट दिनहु सयौं बालबालिकाहरुशिक्षा आर्जनका लागि विदेशीनुका साथै उतै पलायन समेत हुने खतरा बढेकाले हामीले दोहोरो नोक्सान व्यहोर्नु परेको  कटु यथार्थता छर्लङ्ग छ ।

शिक्षा विकासको प्रमुख प्रवाह बालबालिका नै हुन् । बालबालिका कुमालेले भाडा बनाउन तयार पारेको काँचो माटो सरह हुन् । उनीहरु असल मानव आचरण तथा सभ्य, स्वावलम्वी र गुणवान बनाउन शिक्षाको समुचित विकास हुन जरुरी छ । शिक्षाको केन्द्रविन्दु बालबालिका हुन् । देशको कुनै पनि भागमा वसोवास गर्ने तथा जुनसुकै जात, धर्म, भाषा, लिङ्ग, वर्ण तथा वर्गका बालबालिका शिक्षाको पारिलो घामबाट बञ्चित नहुन भन्ने

अभिप्रायले विद्यालय वाहिर रहेका बालबालिकालाई विद्यालय भित्र्याउन तथा भित्री सकेकाहरुलाई कक्षामा टिकाइ राख्न "सवैका लागि शिक्षा" कार्यक्रमलाई विश्वव्यापी अभियानका रुपमा प्रक्षेपण गरिएको छ । सन् १९९० को जोम्टिएन सम्मेलनले सवै बालबालिकालागि अनिवार्य शिक्षा हुनु पर्ने कुरालाई प्राथमिकताका साथ उठान गरेको छ । यसैको निरन्तरता स्वरुप सन् २००० को डकार शिखर सम्मेलनले पनि सवै बालबालिकालाई गुणस्तरिय प्राथमिक शिक्षाको अवसर सन् २०१५ सम्म पुरा गर्ने प्रतिवद्धता यस पाटोको महत्वपूर्ण फड्को मानिन्छ । बालबालिकाहरुलाई अनिवार्य र गुणस्तरिय शिक्षा उपलब्ध गराउनु पर्ने (नेपालमा शिक्षा योजना २०६४, शिक्षा विभाग) कार्यक्रम एकातर्फ छ भने अर्को तर्फ शिक्षामा सवैको पहुँच पर्याप्त छ त ? भन्ने मुद्दा पनि सँगै उठान भएको छ । समुदायमा सामाजिक, आर्थिक, लैगिंक, भौगोलिक, धार्मिक, मनोवैज्ञानिक एवं शारीरिक रुपले पछाडि परेका परिवारका बालबालिकाहरु अझै झण्डै १७ प्रतिशत बालबालिकाहरु विद्यालय वाहिर नै रहेका छन् (अनौपचारिक शिक्षा केन्द्र, २०६२) आजको गम्भीर चुनौती भनेको नै विद्यालय वाहिर रहेका बालबालिकालाई विद्यालय प्रवेश गराउने तथा विद्यालय प्रवेश गरेकालाई कक्षामा टिकाई राखी बीचैमा विद्यालय छाड्ने समस्यामा न्युनिकरण गरि शिक्षाको अवसर सुनिश्चित गर्नु नै हो । जसका लागि शिक्षासँग सम्बन्धित र विद्यालयसँग सम्बन्धित सम्पूर्ण सरोकारवालाहरुको सकृय र सकारात्मक भूमिकाको खाँचो पर्दछ । कहिले काही सरकारी नीति कार्यन्वयनका खातिर बालबालिका भर्ना कार्यक्रम अन्तर्गत घरदैलो कार्यक्रम गरेको पाइएता पनि त्यसको नियमितता नभएकाले बीचैमा कक्षा छोड्ने समस्या ज्युका त्यूँ पाइन्छ ।

विद्यालय भित्रीसकेका वावालिकाहरुले विद्यालय छाड्ने विभिन्न समस्या र कारणहरु पाइएको छ । विशेष गरेर वालमनोविज्ञानमा आधारित शिक्षणको अभाव तथा वालमैत्री वातावरणको अभाव यसका जटिल समस्या हुन भने तालिम प्राप्त शिक्षकको अपर्यप्तता, अभिभावकमा शैक्षिक चेतनाको कमी, समुदायको उदासिनता, अव्यवस्थित भवन, कक्षा कोठा, फर्निचर, पिउने पानीको अभाव, शौचालयको अभाव पनि समस्याको घेरा भित्र पर्दछन् । शैक्षिक सामग्री निर्माण, प्रयोग, सन्दर्भ सामग्री, शिक्षक निर्देशिका, पाठ्यक्रम, परीक्षा प्रणाली, उपलब्धि मूल्याङ्कन आदिको पर्याप्तता नहुनु भएपनि तिनीहरुको प्रयोग नगर्नु अरु थप समस्याहरु हुन् । बालबालिकाहरुलाई विद्यालय जाउँ, जाउ लाग्ने वातावरण अझसम्म बनाउन सकिएको पाइन्न । यसका अलवा विद्यालयलाई मात्र पठन पाठन

गराउने, नआएको कारणका खोजी गरेर विद्यालय नल्याउने, आर्थिक विपन्नताका कारण आफूसँगै काममा लैजाने, भाइवैनी (अरुका बच्चा) हेर्न लगाउने, "पढ्यो गुन्यो कौन काम हलो जोत्यो खायो माम" भन्ने मानसिकताबाट ग्रस्त हुन् । कापी, किताव, कलम, पोशाकको व्यवस्था गर्न नसक्नु यावत समस्याहरु देखिन्छ (अधिकारी, २०६२) समष्टिगत रुपमा यो अध्ययन रहरले वा वाध्यताले नभएर हुने खाने तथा हुँदा खाने सवै तह र तप्काका बालबालिकालाई शिक्षाको ज्योतिबाट वन्चित नहुन भन्ने मुलमर्मलाई पुरा गर्न र उल्लेखित समस्याहरुको कारणले विद्यालय भित्रका बालबालिकालाई कक्षा नछाड्ने वातावरण तयार गरि गुणस्तरिय शिक्षा दिने अवस्थाको सृजना गर्न यो अध्ययनको उद्देश्य हो । हाम्रो देशको सामाजिक, साँस्कृतिक, भौगोलिक संरचनाका कारण गरिव, दलित, पछौटेपन, विपन्नता, जनजाति, आदिवासी, पिछडा वर्ग जस्ता पीडा भोगेका समुदाय वर्ग, तह र तप्काका आम मानिसहरुलाई शिक्षाको मूल प्रवाहमा प्रवाहित गराउनुका साथै विद्यालय र शिक्षा क्षेत्रका सरोकारवालाहरुलाई नीति निर्माणदेखि अध्ययनको उद्देश्यको मर्म र भावना अनुसार कार्य गर्न महत्वपूर्ण सहयोग पुग्न सक्नेछ भन्ने उद्देश्य राखी झापा जिल्लाको गौरादह स्रोतकेन्द्र अन्तर्गतका बालबालिकाहरुले आधारभूत तह पूरा नगरी विद्यालय छाड्ने कारणहरुको अध्ययन गर्ने जमर्को गरिएको छ । पक्कै पनि यो अध्ययनले त्यस्ता बालबालिकालाई विद्यालयमा टिकाइ राख्न आवश्यक पर्ने खुराक प्रदान गर्नेछ भन्ने आशा एवं विश्वास राखिएको छ ।

## १.२ समस्याको कथन

शिक्षा क्षेत्रको विकास नै सम्पूर्ण क्षेत्रको विकास हो । शिक्षामा लगानी गरी सरोकारवालाहरुलाई सचेत र जागरुक बनाई कार्य गर्ने प्रयास गरिएको छ । सरकारी, गैरसरकारी एवं सरोकारवालाहरुले समेत शिक्षामा सकेसम्मको प्रयास गरिरहेको नै देखिन्छ । तथापि शिक्षाको विकासमा भने अपेक्षाकृत उन्नती, प्रगति भने हुन सकेको देखिदैन । हाम्रो देश नेपाल बहुभाषिक, बहुआयमिक बहुजातीय संगम थलो हो । जनचेतनाको कमी, अज्ञानता र अशिक्षित कारणले गर्दा यहाँका मानिसहरुमा अझै जातपात, छुवाछुत, ठूलो सानो, धनी गरिव, शोषक, शोषित असमान व्यवहारमा रुमलिएका छन् । यस्तो प्रकारको सोचाई विचारलाई अन्त्य गर्न परम्परागत नकारात्मक सोचलाई अन्त्य गरि मनोवैज्ञानिक

एवं व्यवहारिक रुपले सही समाधान गर्ने एकमात्र उपाय शिक्षा आर्जन र विकास हो । हाम्रो देश नेपाल भौगोलिक हिसावले, जातीय हिसावले, आर्थिक विपन्नताको कारणले शिक्षा लिन दिनमा ठगिएकाछन् । त्यसैले यसको निराकरण गर्नु ठूलो चुनौतीको रुपमा रहेको देखिन्छ । उक्त समस्याहरुको सदाका लागि समाधान गर्न राज्यले सामाजिक, आर्थिक एवं वौद्धिक लगानी गरि हटाउने, समतामूलक समाजको विकास गर्न, विभिन्न प्याकेज र योजना अघि सारे तापनि समस्याहरुको समाधान हुन सकेको छैन । सवैका लागि शिक्षा कार्यक्रमले प्राथमिक शिक्षालाई निःशुल्क र अनिवार्य गर्न कटिवद्ध गरि सरकारी र गैरसरकारी निकायहरुले यो उद्देश्य पूरा गर्नका लागि पर्दा पनि विद्यालय छाड्ने दरको समस्या भने यथावत नै देखिनु एउटा महत्वपूर्ण चुनौतीको रुपमा देखा परेको छ ।

नेपालको पूर्वाञ्चल विकास क्षेत्र अन्तरगत मेची अञ्चलमा पर्ने झापा जिल्ला पनि तराईको जिल्ला भएतापनि विद्यार्थीहरुले विद्यालय छाड्ने समस्याले यो जिल्ला समेत फसेको छ । त्यस मध्ये दलित, जनजाति एवं आर्थिक सामाजिक रुपले पछाडि परेको गौरादह स्रोतकेन्द्र सवै खाले समस्याहरुले पिरोलिएको छ । हुने खाने अभिभावकहरुले आफ्ना बालबालिकाहरुलाई नीजि विद्यालयमा पढाउने र हुँदा खाने अभिभावकहरुले सामुदायिक विद्यालयमा पढ्न पठाउने गरेको पाइन्छ । आर्थिक विपन्नता, कमजोरी, गरिवीको चपेटामा परेका अभिभावकहरुले चेतनाको कमीको कारणले र अभिभावक स्वयं निरक्षर भएकोले बालबालिकाको घरको पठन पाठनमा ध्यान दिन सकेको देखिदैन । यस्तै विविध कारणले पठन पाठन प्रभावकारी नहुने भएकाले बालबालिकाहरु विचैमा कक्षा छाड्ने र पढाई कमजोरी भएकोले प्रायः जसो बालबालिकाहरु कक्षामा उत्तिर्ण हुन नसकेर विद्यालय छाड्ने गरेका छन् ।

गौरादह स्रोतकेन्द्र अन्तरगतका सामुदायिक विद्यालयहरुमा प्रायः गरेर आदिवासी, गरिव र विपन्न वर्गका मानिसहरुका बालबालिकाले अध्ययन गर्ने गर्दछन् । अभिभावहरुको गरिवी, विपन्नता, जनचेतनाको कमी, सरकारी गैर सरकारी निकायबाट योजनावद्ध जागरण अभियानको कमी, सरोकारवालाहरुको समन्वयको अभाव, विद्यालय व्यवस्थापन समिति, जिल्ला शिक्षा कार्यालय आदिबाट प्रभावकारी कदमको अभाव, कक्षा कोठा भित्र गरिने कृयाकलापकहरुको अभाव, परम्परागत सोचाइ जस्ता कारणहरुले विद्यालयहरुले बालबालिकाहरुलाई आकर्षण गर्न सकिरहेका छैनन् । यसरी यसैको सेरोफेरोमा रही आधारभूत तह पूरा नगरी बीचैमा पढाइ छाड्ने कारणहरु पत्ता लगाउन झापा जिल्लाको

गौरादह स्रोतकेन्द्र अन्तरगतका सामुदायिक विद्यालयका बीचैमा पढाई छाड्ने बालबालिका तिनका अभिभावक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, प्र.अ., शिक्षक, शिक्षिका, शिक्षक अभिभावक संघका पदाधिकारी, स्रोतव्यक्ति, विद्यालय निरीक्षकहरुबाट समस्या र समाधानका उपायहरुको तथ्य पत्ता लगाउन यस अध्ययनको निम्न अनुसारको अनुसन्धानात्मक प्रश्नहरु रहेका छन् ।

१. कक्षा छाड्ने कारणहरु के के हुन सक्छन् ?
२. दलित, पिछडिएका गरिव जनजातिका विद्यार्थीहरुको शिक्षामा पहुँचले शैक्षिक क्षेत्रमा के कस्तो प्रभाव पार्दछ ?
३. बीचैमा पढाइ छाड्नु पर्ने कारणहरु के के हुन् ?
४. बालबालिकाहरुले बीचैमा विद्यालय छाड्नु पर्ने कारणहरुको जिम्मेवार पक्ष को को हुन् ?
५. आधारभूत तहमा अध्ययन पूरा नगरी विचैमा पढाई छाड्ने बालबालिकाहरुको अवस्था कस्तो रहेको छ ?
६. यो अनुसन्धानले बीचैमा कक्षा छाड्नका समस्याहरु के के हुन् ?
७. बालबालिकालाई कक्षामा टिकाई राख्न के गर्नु पर्ला ?

## १.३ अध्ययनको औचित्य

विद्यालयको पठन पाठनलाई प्रभावकारी बनाई गुणस्तरीय शिक्षा बालबालिकाहरुलाई उपलब्ध गराउनु आजको आवश्यकता हो । विश्वमा आएको परिवर्तित प्रतिस्पर्धात्मक तथा ज्ञान, विज्ञान र प्रविधिको अत्यधिक विकास भई सकेको परिपेक्ष्यमा नेपालमा पनि गुणात्मक शिक्षाको अपरिहार्य देखिन्छ । गुणस्तरीय शिक्षाले मात्र आम नागरिकहरुलाई सम्मानजनक रुपमा समाजमा रहन र सामाजिक जीवन व्यतित गर्नको लागि सहयोग पुऱ्याउने हुन्छ । देशमा रहेका जनशक्तिमा ज्ञान, सीप उचित मात्रमा भई प्रतिस्पर्धामा खरो रुपमा उत्रन सक्ने भएमा मात्र यसले सार्थक रुप लिन सक्दछ । गुणात्मक शिक्षा एउटा समूह, व्यक्ति र समुदायको प्रयासबाट मात्र हुने नभई यसको लागि प्र.अ., शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, समुदाय, अभिभावक, स्थानिय निकाय, सरकारी र गैर सरकारी निकायहरु र सरोकारवालाहरु सबैको उत्तिकै महत्वपूर्ण भूमिका हुनु नितान्त जरुरी

पर्दछ । अभिभावक, समुदाय, विद्यालय, सवै क्षेत्र अनेकौ प्रकारका समस्याहरुले ग्रसित भएकोले उनीहरुलाई सर्वप्रथम जनचेतनाको अभिवृद्धि गरिनु पर्दछ ।

जनचेतना अभिवृद्धि गर्नु आजको महत्वपूर्ण कार्य हो । हाल भइ रहेको नाम मात्रको जनचेतना अभिवृद्धिको कार्यक्रमले प्रभावकारी रुपमा गति लिन सकेको देखिदैन । सरोकारवालाहरु सबै सचेत भएको खण्डमा मात्र बालबालिकाहरुलाई विद्यालयमा शिक्षक, प्र.अ. बाट एवं घर परिवारमा अभिभावकहरुबाट मायालु वातावरण सिर्जना गरी डर, त्रास, धम्की, भय, दण्ड सजाय दिने, होच्याउने जस्ता कृयाकलापहरु सदाको लागि अन्त्य गरिनु पर्दछ । समुदाय, विद्यालय, सरकारी गैरसरकारी निकाय, अन्तराष्ट्रिय जगत सवैले जति सुकै ठूलो धनराशी लगानी गरे पनि विद्यालयको पठनपाठनको वातावरण अनुकूल बनाउन नसकेमा, उनीहरुलाई मनोरन्जनात्मक ढङ्गबाट मायालु वातावरण सिर्जना नगरेको खण्डमा बालबालिकाहरुले कक्षा छाड्ने, बीचैमा भाग्ने भएकोले उनीहरुको मनोविज्ञान वुझि कक्षा भित्रको शिक्षण सिकाई कृयाकलाप गर्नु जरुरी देखिन्छ । आजको आवश्कता र चुनौती पनि विद्यालयलाई वालमैत्रीपूर्ण बनाउनु हो ।

आधारभूत तह, विद्यालय स्तरको पठनपाठनको जग हो । जग वलियो बनाउनु सरोकारवालाहरु सवैको दायित्व हुन आउँछ । आधारभूत तहमा शिक्षण सिकाइ कृयाकलाप सञ्चालन गर्नु भनेको विविध कारणले जटिल हुन जाने हुन्छ । यस तहमा वालवाकिलाहरुको शारिरीक, मानसिक, वौद्धिक, सम्वेगात्मक एवं सामाजिक विकास भर्खर हुन थालेको मात्र हुन्छ । त्यसैले आधारभूत तहमा बालबालिकाहरुको मनोविज्ञान  बुझेर सोही अनुरुप कक्षा सञ्चालन गरी उनीहरुलाई कक्षामा टिकाइ राख्न नितान्त आवश्यक पर्दछ । गरिवी, विपन्नता एवं खास गरि आर्थिक अभावका कारणले पछाडि परेका विपन्न वर्गका समुदाय, दलित, जनजातिहरुमा अज्ञानताले विद्यालय नजाने र बीचैमा विद्यालय छाड्ने क्रम बढ्दो अवस्था भएकोले यसको न्यूनिकरण गर्नु नितान्त आवश्यक पर्दछ ।

सामाजिक संस्कार, आचरण, चालचलन एवं रीतिरिवाजका कारणले वञ्चित समूहलाई शिक्षित बनाउन विद्यालयमा प्रवेश गराई निरन्तरता दिन अरु समस्याहरु थपिएका छन् । यसको समयमा नै निराकरण हुनु जरुरी पर्दछ । यसरी बीचैमा विद्यालय छाड्ने बालबालिकाहरुलाई पुनः विद्यालयमा प्रवेश गराउने र विद्यालय वाहिर रहेका बालबालिकाहरुलाई विद्यालयमा प्रवेश गराई टिकाइ राख्ने कार्यमा निरन्तरता दिन यस शोध कार्यबाट सानै भए पनि सहयोग पुग्न सक्नेछ भन्ने आशा एवं विश्वास लिइएको छ ।

यस अध्ययनले जिल्ला शिक्षा कार्यालय, प्र.अ., अभिभावक, विद्यालय व्यवस्थापन समिति, सरकारी तथा गैरसरकारी संस्था एवं शिक्षासँग सम्बन्धित सरोकारवाला, नीति निर्माता, योजनाकार, भावी शैक्षिक अनुसन्धानकर्तालाई सहयोग पुऱ्याउने छ । आधारभूत तहका विद्यार्थीहरुको प्रवाह दर पत्ता लाग्नेछ, साथै बालबालिकाहरुको विचैमा पढाइ छाड्ने कारणहरु पत्ता लगाई विद्यालयका बालबालिकाहरुको बीचैमा विद्यालय छाड्नु पर्ने कारणहरुको जिम्मेवार पक्ष को को हुन् भन्ने पत्ता समेत लाग्नेछ । विद्यालयको वास्तविक आवश्यकता तथा समस्या वारेमा जानकारी हुनेछ । शिक्षा विकासमा लागेका संघ संस्था वुद्धिजीवि तथा निकायहरुका साथै शैक्षिक योजनाकार तथा व्यवस्थापकलाई समेत सहयोग पुऱ्याउने छ ।

अध्ययनको औचित्यलाई निम्न वुँदामा स्पष्ट पार्ने प्रयास गरिएको छ ।

१. यो अध्ययनले शिक्षा सम्बन्धी चेतनाको अभिवृद्धि गर्न सहयोग पुऱ्याउने छ ।
२. सामुदायिक विद्यालयका बालबालिकाले बीचैमा कक्षा छाड्नुका मुलभूत कारण पहिचान गरी उनीहरुलाई कक्षामा टिकाइ राख्ने उपायहरुको खोजी गरी समस्या समाधानमा सहयोग पुऱ्याउने छ ।
३. यो अध्ययनले शिक्षण कार्य वाल मनोविज्ञानमा आधारित र वालमैत्रीपूर्ण वातावरणमा हुनु पर्छ भन्ने विषयमा जोड दिनेछ ।
४. सरोकारवालाहरुलाई शिक्षा सम्बन्धी भावी नीति तथा योजना निर्माणमा सहयोग पुऱ्याउने छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका लागि निम्नानुसारका उद्देश्यहरु रहेका छन्

१. कक्षा छाड्ने विद्यार्थीहरुको वर्तमान अवस्थाको पहिचान गर्नु ।
२. विद्यार्थीहरुले कक्षा छाड्ने कारणहरुको लेखाजोखा गरि प्रभावको बिश्लेषण गर्नु ।
३. कक्षा छाड्ने समस्या समाधानका उपायहरु प्रस्तुत् गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

माथि उल्लेख गरिएका उद्देश्य पूरा गर्नका लागि निम्न अनुसारका अनुसन्धानात्मक प्रश्नहरुमा यस अध्ययनलाई केन्द्रित गरिएको छ ।

१. बालबालिकाहरुले बीचैमा पढाई छाड्नुका मुख्य कारणहरु के के हुन सक्छन् ?
२. बालबालिकाहरुले बीचैमा पढाई छाड्नुमा मुख्य जिम्मेवार पक्षहरु को हुन् ?
३. बीचैमा कक्षा छाड्ने, समस्या समाधान गर्ने उपायहरु के के हुन सक्छन् ?
४. बालबालिकाहरुलाई विद्यालयमा फर्काउने, टिकाउने उपायहरु के के हुन सक्छन्?
५. बीचैमा विद्यालय छाडी वसेका बालबालिकाहरुले के गरेर दिन विताउँछन् ?

## १.६ अध्ययनको परिसीमा

गौरादह, महारानीझोडा र कोहवरा तीन वटा गा.वि.स.का विद्यालयहरुको केन्द्रको रुपमा गौरादह स्रोतकेन्द्र रहेको छ । यस स्रोतकेन्द्रमा १९ वटा सामुदायिक विद्यालयहरु रहेका छन् । यस केन्द्रमा ६ वटा मा.वि., ४ वटा नि.मा.वि. र ९ वटा प्रा.वि. तहका विद्यालय रहेका छन् ।

यस शोधपत्र तयार पार्नको लागि स्रोतकेन्द्र भित्रका सरोकारवालाहरुसँग विचारको आदान प्रदान गर्ने, छलफल गर्ने, प्रश्नावली फारम भरी प्रश्न उत्तर लिने दिने, नमुना छनौट गर्ने जस्ता कार्यहरु गरी यस शोधकार्यको अध्ययनलाई अघि बढाइएको छ । यसका अतिरिक्त यस अध्ययनको सिमीतताहरु निम्न छन् :

१. यो अध्ययन झापा जिल्लाको श्री जनता उच्च मा.वि. गौरादह स्रोतकेन्द्र अन्तरगतका १९ वटा विद्यालयहरु मध्ये उद्देश्यमूलक नमूना छनौटका आधारमा ४ वटा विद्यालयमा सीमित रहेको छ ।
२. यस अध्ययनमा छनौट गरिएका विद्यालयहरुका शिक्षक, प्र.अ., बालबालिका, अभिभावक संघ, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, स्रोतव्यक्तिहरु, विद्यालय नीरिक्षकहरुसँगको विचारको आदान प्रदान, अन्तरकृया, छलफल, प्रश्नावली अन्तरवार्ताबाट प्राप्त सूचनाको आधारमा विश्लेषण गरि प्रतिनिधिमूलक निष्कर्ष र सुझाव प्रस्तुत गरिएको छ ।
३. प्रस्तुत अध्ययन साधन, स्रोत र समयसँग सीमित रहेको छ ।

४. छनौटमा परेका विद्यालय र सम्बन्धित व्यक्तिहरुबाट प्राप्त तथ्य तथ्याङ्कको विश्लेषणको आधारमा आएको निष्कर्ष र सुझावहरुलाई सबै तिर सामान्यिकरण गर्न सकिने छैन ।

५. प्रस्तुत अध्ययन आर्थिक अभावका कारणले व्यापक रुपमा सर्वेक्षण गर्न नसकी नमुना छनौटको आधारमा सीमित गरिएको छ ।

## १.७ शब्दावलीको परिभाषा

विद्यालय क्षेत्र सुधार कार्यक्रम अनुसार आधारभूत तह भन्नाले कक्षा १ देखि ८ सम्मलाई निर्धारण गरेको छ । कानूनी रुपमा सो नीति कार्यान्वयन नभए पनि यस अध्ययनमा आधारभूत तह कक्षा १ देखि ८ सम्मलाई मानिएको छ ।


# परिच्छेद दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

## २.१ सैद्धान्तिक खाका

कुनै पनि विषय वस्तुको वारेमा अध्ययन अनुसन्धान गर्नुभन्दा पहिले त्यस अध्ययन सामग्रीसँग सम्बन्धित सामग्रीहरुको अध्ययन, मनन, व्याख्या, विश्लेषण गर्नु पर्ने जरुरी हुन्छ । यस अध्ययनबाट उपलब्ध जानकारी एवं तथ्याङ्कलाई विश्लेषण गर्दा विविध वैचारिक खाकाको प्रयोग गरिएको छ । यो खाका कोर्न निम्न चिन्तकका विचार अध्ययन विश्लेषण गरिएको छ ।

Maslow (सन् १९४३) द्वारा प्रतिपादित सिद्धान्तलाई यहाँ व्याख्या विश्लेषण गर्न खोजिएको छ । यो सिद्धान्तलाई Need based Theroy, Need Priority Theroy or Hierarchy of Need Theory पनि भनिन्छ । यो उत्प्रेरणा सम्बन्धी सिद्धान्त मानवीय आवश्यकतासँग जोडिएको छ । मानिसमा प्रसस्त इच्छा, आवश्यकता र चाहना हुन्छन्, त्यसको परिपूर्ति पश्चात पनि अन्य इच्छा, आवश्यकता र चाहना थप भइरहन्छन् । मानिसका कुनै चाहना पुरा हुन्छन् तर चाहना र आवश्यकताको पूर्णता भने कहिल्यै हुँदैन । यसरी एक तहको आवश्यकता पुरा हुना साथ तुरुन्त अर्को तहको आवश्यकताको महसुस हुन्छ । उनको सिद्धान्तमा मानिसलाई काममा उत्प्रेरित गर्ने उनीहरुको आवश्यकता हो भन्ने चिन्तन उनको सिद्धान्तमा पाइन्छ । मानिस असन्तुष्ट प्राणी हो । Abraham Maslow को Motivation Theory ले सर्वप्रथम गाँस, वास र कपासको आवश्यकताको महशुस गरेको हुनाले र विद्यालयमा पठन पाठन र बालबालिकाहरुमा अधिकाश बालबालिकाहरु गरिवी, कापी कलमको समेत अभाव, समयमा खान नपाउने जस्ता समस्याहरुले गर्दा कक्षा छाड्ने दरमा वृद्धि भएकाले यो सिद्धान्तसँग कक्षा छाड्ने समस्यासँग अत्यन्तै नजिक रहेको देखिन्छ ।




स्रोत : मास्लो १९४३, कोइराला, २०५७

यसरी हेर्दा मानिसको आधारभूत आवश्यकताहरुको परिपूर्ति नभएसम्म अन्य तहको आवश्यकता महशुस नहुने कुरा स्पष्ट हुन्छ । त्यसैले यस शोधकार्यको अध्ययनमा पनि मानिसहरुको पहिलो आवश्यकता मजदुरी गर्ने र विहान वेलुकाको गाँस टार्ने समस्या देखिएकोले बालबालिकाहरुले विद्यालय छाड्ने समस्यासँग यस सिद्धान्तले मेल खाएको देखिन्छ ।

डकार सम्मेलनको घोषणा अनुसार सबैका लागि शिक्षा कार्यक्रमले बिद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालय भित्र ल्याउने बिषयमा जोड दिएको छ । विद्यालय प्रवेश गरेका बालबालीकालाई कसरी बिद्यालयमा टिकाइ राख्ने भन्ने बिषयमा पनि यसले महत्वपुर्ण बिषयहरुमा जोड दिएको छ । डकार सम्मेलनले पाच वर्षे रणनैतिक योजनाका आधारमा सन २०१५ सम्ममा कुनै पनि बालबालिका बिद्यालय भन्दा बाहिर नरहोस भन्ने उद्धेश्यका साथ  शिक्षालाइ सबैको पहुच र समतामा जोड ,गुणस्तरीय र सान्दर्भिक प्राथमिक शिक्षा,संस्थागत क्षमता अभिबृद्धि आदिमा बिषेश जोड दिएको छ ।यसै गरि डकार घोषणामा आधरित भएर नै ६ वटा महत्वपुर्ण कार्यक्रमलाइ पनि प्राथमिक्ताका साथ अघि सारेको छ । बालबालिकाको पोषण लगायत स्वाश्थ्य कार्यक्रम,शिक्षामा सबैको पहुच, लोपोन्मुख तथा भाषागत समस्याका कारण सिकाइ समस्याको समाधान, प्रौढ निरक्षरताको अन्त्य ,लैगिंक तथा सामाजिक बिभेदको अन्त्य र गुणस्तरीय शिक्षाका लागि सबै क्षेत्रका सुधार जस्ता कार्यक्रम पनि सन्चालनमा रहेका छन । तर कार्यक्रम कार्यन्वयन केवल बिद्यार्थी कसरी भित्रयाउने भन्नेमा मात्र केन्द्रित रहेको र भित्रीएकाहरुलाई कसरी टिकाइ राख्ने भन्ने बिषयमा कम चासो दिएका कारण बीचैमा कक्षा छाड्ने समस्या भने अझ बढेको अवस्था देखिन्छ ।

मानिसका इच्छा, चाहनाहरु असिमीत हुन्छन् । चाहनाहरु वास्तवमा कहिल्यै पूरा नहुने पनि हुन सक्छन् । एउटा आवश्यकता पूरा भए पछि अर्को आवश्यकताको महशुस खड्किन्छ । साथै मानिसका असिमीत चाहना, इच्छा हुने र सन्तुष्ट भएर नवस्ने कारणले गर्दा मानिसले आफू र आफ्ना भावी सन्ततिका लागि केही न केही गरिरहेको हुन्छ । आफूले प्रगति गर्ने, उन्नती गर्न चाहने र सदा हौसला, उत्प्रेरणा प्राप्त गरी अगाडी बढ्न सक्ने हुनाले प्रगति उन्नतीका लागि बालबालिकाहरुलाई सहयोग पुग्न सक्ने भएकोले कक्षा छाड्ने समस्यासँग यस सिद्धान्तले मेल खाएको देखिन्छ । (मास्लो १९४३, कोइराला, २०५७ )

## २.२ सम्बन्धित साहित्यको पुनरावलोकन

विभिन्न विद्वानका लेख रचना पत्रपत्रिका तथा कृतिहरुको अध्ययन गरी शोधकर्ताले शोधपत्र तयार गर्नु पर्ने जरुरी हुन्छ । विद्वान मित्रहरुका लेख रचना र कृतिहरुको विना अध्ययनले शोधकार्य अधुरो हुन्छ । आफूले गर्न खोजको अनुसन्धानलाई पूर्ण रुपमा प्रभावकारी बनाउन यसको महत्वपूर्ण स्थान रहेको छ । आफूले अध्ययन गरेको अध्ययनसँग सम्बन्धित पूर्व साहित्यको अध्ययन गरि त्यसबाट निकालेको निष्कर्ष, सुझाव, राय, व्याख्या, विश्लेषणको आधार प्रात गर्नु अध्ययनकर्ताको लागि अति आवश्यक हुन्छ । यसरी अनुसन्धानकर्ताले आफूले गरेको अध्ययनको क्षेत्रमा पूर्ववत् गरिएको अध्ययन अनुसन्धानका निष्कर्षहरु तथा संगठित रुपमा प्रकाशित गरिएका पुस्तक, पत्र-पत्रिका, लेख रचना तथा कृतिहरु अध्ययन गर्ने र त्यसको साराशंलाई आफ्नो अध्ययनमा उल्लेख गर्ने गर्नाले आफ्नो अध्ययनका क्षेत्रमा भएका र वर्तमानसम्म पनि अज्ञात रहेका तथा परीक्षण नगरिएका प्रमाण वा ज्ञानको वारेमा जानकारी प्राप्त गर्न सकिन्छ । यस विषयमा झापा जिल्लामा हालसम्म विद्यालय छाड्ने कारणको अध्ययन गरेका नपाइएता पनि विषयसँग मिल्दाजुल्दा केही अध्ययन अनुसन्धानहरुको समीक्षा गरी त्यसको आवश्यक पृष्ठपोषण लिएर यो अध्ययन सामग्री तयार पारिएको छ ।

यसरी यिनै कार्यहरुलाई मध्यनजर राखेर यो शोधपत्र तयार पारिएको छ । बालबालिकाहरुले विद्यालय छाड्ने कारणले विद्यालयको नीति निर्माण र योजनाको आधारमा तयार गरिएका कार्यहरुले मात्र सफलता पाउन नसक्ने हुन्छ । त्यसैले बालबालिकाहरुले विद्यालय छाड्ने कारण सम्बन्धि पुस्तक, सन्दर्भ सामग्री, लेख रचना अध्ययन अनुसन्धानको अध्ययनलाई सम्बन्धित अध्ययनहरुको पुनरावलोकन र वैचारिक खाकाको रुपमा तयार पारिएको छ ।

अधिकारी (२०६२) का अनुसार मिति २०६२ भदौ २३ गते अन्तराष्ट्रिय साक्षरता दिवसको अवसरमा प्रकाशित साक्षरता विशेषाङ्क पत्रिका मार्फत यो लेख प्रस्तुत गर्नु भएको हो । शिक्षामा पहुँचको प्रमुख मुद्धा नै भएको छ । यस लेखमा समाजमा भौगोलिक, लैङ्गिक, आर्थिक, शारीरिक, सामाजिक, धार्मिक र मनोवैज्ञानिक रुपले पछाडि परेका घर परिवारका बालबालिकाहरु मध्ये अझै पनि झण्डै १७% बालबालिका विद्यालय आउन नसकेको र विद्यालय आउन नसकेका बालबालिकाहरुलाई विद्यालयमा ल्याउने, विद्यालयमा आइसकेकाहरुलाई विद्यालयमा निरन्तरता दिने र विद्यालय छाडिसकेकाहरुलाई शिक्षाको

अवसर सुनिश्चित गर्न राष्ट्रको महत्वपूर्ण दायित्व भए तापनि विद्यालयसँग सम्वद्ध सवै सरोकारवालाहरुले इमान्दारीपूर्वक लागि परी समस्याको समाधान गर्नमा भरमग्दुर प्रयास गर्नुपर्ने कुरा उल्लेख गर्नुभएको छ । यही अभियानको प्रारम्भिक चरणमा विभिन्न कारणले विद्यालय छाड्का बालबालिकाहरुले विद्यालय छाड्नुको कारण पत्ता लगाई सो कारणको निराकरणको लागि विभिन्न कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ । सो कार्यक्रम सञ्चालन गर्दा विभिन्न शैक्षीक तथ्याङ्कले कक्षा १ देखि ३ सम्मका बालबालिकाहरु विद्यालय भर्ना भई प्राथमिक स्तरको पढाई पूरा नगरी बीचैमा छाड्दछन् र यो सङ्ख्या अत्यधिक देखिएको छ । यसैलाई आधार लिई अनौपचारिक शिक्षा कार्यक्रम अन्तरगत वालशिक्षा प्रथम र द्वितीयको रुपमा कक्षा सञ्चालन गरिदै आएकोले विद्यालय छाड्ने बालबालिकाहरुलाई पुनः विद्यालयमा प्रवेश गराउन प्रोत्साहन भएको कुरा उल्ल्ेख गर्नु भएको छ ।

बालबालिकाहरुले स्वयं आफ्नै मात्र कारणले विद्यालय छाड्ने गरेका हुँदैनन् । त्यसका पछाडी कुनै न कुनै कारणहरु लुकेको हुन्छ । विद्यालयमा भौतिक, आर्थिक अवस्था राम्रो नहुनु । चाहिँदो मात्रामा शिक्षक, महिला शिक्षकको व्यवस्था नहुनु, विद्यालयको पठनपाठन कृयाकलापलाई मायालु वातावरणमा मनोरञ्जनात्मक ढंगबाट पढाई हुन नसक्नु जस्ता विद्यालयका आफ्नै कारणहरु हुन सक्ने कुराहरु उल्लेख गर्नु भएको छ भने अर्को तर्फ अभिभावकहरुको चेतनाको कमी, आर्थिक विपन्नता, विद्यालय नजिक नहुनु जस्ता कारणले आफ्ना बालबालिकाहरुलाई विद्यालयमा पढाउन नसक्ने कुरा उल्लेख गर्नु भएको छ । यसरी नै समाज, समुदायमा जनचेतनाका कमी हुनु, अज्ञानता, अशिक्षा जस्ता कारणले समेत बालबालिकाहरुले विद्यालय जान सकेका छैनन् र विद्यालय गएका बालबालिकाहरुले पनि बीचैमा कक्षा छाड्ने कुराहरुको उठान गर्नु भएको छ । यस समस्याको समाधानका लागि सवै खाले कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने, सरोकारवालाहरुसँग अन्तरकृया गरी अर्थ मन्त्रालय, गैर सरकारी संस्था, वैकिङ्ग क्षेत्र जस्ता निकायबाट सञ्चालित कार्यक्रम स्थानीय तहसँग सम्बन्ध स्थापित गरेर कार्यक्रम सञ्चालन गर्ने र अभिभावक जागरण कार्यक्रमहरुलाई शसक्त रुपमा सञ्चालन गर्नु पर्ने कुरा उल्लेख गर्नु भएको छ । गरिवी न्यूनिकरणका लागि सहयोग पुऱ्याउने खालका कार्यक्रमहरु सञ्चालन गर्नु पर्ने एवं चेतनामूलक कार्यक्रम सञ्चालन गरि समस्याको पहिचान एवं यसको निराकरण गर्नु पर्ने कुरा उल्लेख गर्नु भएको छ (अधिकारी, २०६२) ।

पोखरेल (२०६१) का अनुसार उपरोक्त विषयमा स्नातकोत्तर तह दोस्रो वर्षमा अध्ययनरत भेषराज पोखरेल ज्यूले मिति २०६१ श्रावण १७ गते यो शोधपत्र प्रस्तुत गर्नु भएको थियो । त्रिभुवन विश्व विद्यालय शिक्षा शास्त्र संकाय अन्तर्गत शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह दोस्रो वर्षको Ed. ५८९ पाठ्यभारको आवश्यकता परिपूर्ति गर्ने प्रयोजनका लागि यो शोधकार्य गर्नु भएको हो । यो शोधकार्य "जुम्ला जिल्लामा प्राथमिक तहका छात्राहरुले बीचैमा विद्यालय छाड्नुका कारणहरु" के कस्ता रहेका छन् भनी विश्लेषणात्मक अध्ययन गर्नु भएको छ । अध्याय १ देखि अध्याय ५ सम्म लेखिएको यस शोधकार्यका विभिन्न प्रंश्नावली, सर्वेक्षण फारम, अन्तरवार्ता, छलफल आदिको माध्यमबाट प्राथमिक तहका बालबालिकाहरुले बीचैमा कक्षा छाड्ने अवस्थाको विश्लेषण व्याख्या गर्नु भएको छ । ६ वटा सामुदायिक प्राथमिक विद्यालयहरुलाई नमुनाको रुपमा लिई प्र.अ. तथा शिक्षक शिक्षिका १२ जना, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु ६ जना, बीचैमा पढाइ छाडिसकेका छात्राहरु मध्येबाट २/२ जना गरी जम्मा १२ जना गरि जम्मा ४२ जनासँगको अध्ययन, छलफल र विचारको आदानप्रदानबाट निस्केको नतिजालाई शोधकार्यको निष्कर्षको रुपमा प्रस्तुत गर्नु भएको छ ।

यस शोधकार्यमा बीचैमा विद्यालय छाड्ने प्राथमिक तहका छात्राहरुले भोग्नु परेका समस्याहरुको वारेमा चिरफार गर्नु भएको छ । समाजमा व्याप्त अशिक्षा हटाउनुपर्ने, विद्यालयको भौतिक एवं अन्य व्यवस्थापनमा सुधार गर्नुपर्ने, शिक्षक शिक्षिकालाई तालिम दिनुपर्ने र वर्तमान निरीक्षण प्रणालीलाई लचिलो बनाउनु पर्ने, पाठ्यक्रमलाई लचिलो बनाउँदै बालबालिकाहरुको रुची अनुसारको कक्षा सञ्चालन गर्नुपर्ने आदि कुराको उठान गर्नु भएको छ । साथै छात्राहरुको लागि आर्थिक सहयोग गर्नुपर्ने, अभिभावक वर्गलाई आर्थिक सहयोग समेत गरी जनचेतना फैलाउने र सामाजिक रुढीवादी परम्पार, गरिवी, चेतनाको कमी, छिटो विवाह जस्ता सामाजिक रहनसहन आदि जस्ता समस्याको कारणले बीचैमा विद्यालय छाडेको कुरा उल्लेख गर्नु भएको छ , (पोखरेल, २०६१) ।

पौडेल, (२०६३) का अनुसार अनौपचारिक शिक्षा केन्द्र सानोठिमी भक्तपुरबाट वार्षिक रुपमा प्रकाशन हुने साक्षरता विशेषाङ्क २०६३ भाद्र २३ गते अन्तराष्ट्रिय साक्षरता दिवसका अवसरमा वार्षिक अंक मार्फत यो लेख प्रस्तुत गर्नु भएको हो । प्रस्तुत लेखमा लेखकले अनौपचारिक शिक्षाका मुद्धा तथा चुनौतीहरुलाई खोतल्ने प्रयास गर्नु भएको छ । खास गरी पाठ्यपुस्तकको अभाव हुनु, अनुगमन तथा सुपरिवेक्षण प्रभावकारी नहुनु, साच्चै

भन्ने हो भने विद्यमान निरीक्षण तथा सुपरिवेक्षण पद्धति आफैमा सक्षम हुन नसक्नु यसले विविध समस्याहरु निम्त्याउनु एवं सूचना व्यवस्थापनमा प्रभावकारीता नआउनु, मूल्याङ्कन पद्धति प्रभावकारी नुहुन, मूल्याङ्कन हचुवाको भरमा गरनु, यथार्थ सत्य तथ्य मूल्याङ्कन नहुनु, अनुसन्धन र खोज जस्ता विषयहरु प्रति त्यति चासो नदिनु, बालबालिकाहरु किन नियमित आउँदैनन्, कारण र खोजीनिती नहुन जस्ता समस्याहरुको कारणले बालबालिकाहरुले विचैमा कक्षा छाड्ने कुरा उल्लेख गर्नु भएको छ (पौडेल, २०६३) ।

यसै गरी बीचैमा विद्यालय छाड्ने बालबालिकाहरुलाई नियमित गराउन सुधारको पाटोको समेत उल्लेख गर्नु भएको छ । सवैका लागि शिक्षा शिक्षाको प्राप्ति, अशिक्षाको निराकरण एवं निरन्तर शिक्षाको लक्ष्य हासिल गर्न कम्तीमा पनि यी तीन पक्षको योजना तथा व्यवस्थापन सुधार गर्ने गरी संस्थागत संरचनाको सुधार गर्ने पाठ्यक्रम तथा पाठ्यपुस्तकमा सुधार गरी समयानुकुल समता, समानता, गुणस्तर सान्दर्भिकता तथा प्रभावकारिताको अवस्थाबाट हेरी विकसित गर्ने कुराहरु उल्लेख गर्नु भएको छ । साथै योजना निर्माणलाई सुचनाको आधारमा मात्र बनाउने सूचनाहरुलाई व्यवस्थित गर्न कायक्रमहरु सञ्चालन गरी दलित, जनजातिहरु, आर्थिक विपन्नता पछौटेपन कठिनपूर्ण जीवनपायन गरि रहेका समूह आदिको पहिचान गरि यस अवस्थालाई न्यूनिकरण गर्नमा मद्दत पुऱ्याउनु पर्ने कुरा उल्लेख गर्नु भएको छ । साथै हाल भइरहेको निरीक्षण अनुगमन पद्धतिलाई सुधार गर्नु पर्ने अनुगमनका आधारहरु के के हुन् ? के कति कारणले अनुगमन प्रभावकारी हुन नसकेको हो ? ती कारणहरुको समाधान किन हुन सकेनन् ? जस्ता समस्याहरुको पहिचान गरि सुधार गर्नु पर्ने कुरा उल्लेख गर्नु भएको छ (पौडेल, २०६३) ।

## २.३ शैक्षिक उपादेयता

आधारभूत तहका विद्यार्थीहरुले बीचैमा विद्यालय छाड्नका कारणहरुको अध्ययन माथि उल्लेखित लेखक एवं विद्वानहरुको विचारको आधारमा गरिएको अध्ययन हो । बीचैमा बालबालिकाहरुले कक्षा छाडिदिनाले पढाई पुरा नहुने, उत्तीर्ण दरमा कमी आउने, बालबालिकाहरुले माथिल्लो अंक नल्याउने र पाठ्यक्रम र पाठ्यपुस्तकले राखेको उद्देश्य पुरा हुन नसकी विद्यालयले बनाएको योजना नै भताभुङ्ग हुन जाने उल्लेख गरिएकोले यसको अध्ययन गरिएको हो । यस अध्ययनले विद्यालयका सरोकारवालाहरुमा आफ्ना बालबालिका र विद्यालय प्रति चासो बढ्ने, अभिभावकहरुले बालबालिकाहरुलाई नियमित विद्यालय पठाउन

कोशिश गर्ने, विद्यालयका प्र.अ. शिक्षक, व्यवस्थापन समितिलाई विचैम वालवासलकाहरुले कक्षा छाड्दा हुने नोक्सानीका वारेमा थाहा पाई त्यसको सुधारको पाटोमा बढी से बढी ध्यान जाने भएकोले र खास गरि शैक्षिक गुणस्तरको पाटोमा सहयोग पुग्न जाने भएकोले माथि उल्लेखित विभिन्न विद्वानहरुको लेख रचनाको अध्ययन गरिएको हो । यस अध्ययनले अभिभावकहरुको लागि आ-आफ्ना नानीहरुलाई नियमित गराउनपठन पाठनमा सहयोग पुगि गुणस्तर वृद्धि गर्नमा र बालबालिकाहरुलाई स्वावलम्वी र दक्ष बनाउनमा सहयोग पुग्न जान सक्ने देखिन्छ भने विद्यालय व्यवस्थापन समिति र शिक्षकअभिभावक संघ जस्ता आधिकारिक अनुगमन निरिक्षण गर्ने निकायहरुलाई आफ्ना विद्यालयका बालबालिकाहरुको स्तर, अवस्था, उत्तीर्ण दर, कक्षा दाहोऱ्याउने दर लगायतका अवस्थाहरुको समेत जानकारी हुन गई समयमै त्यसको नियन्त्रण गर्नमा सहयोग पुग्न सक्ने देखिन्छ । साथै यसको अध्ययनले बालबालिकाहरुले विचैमै पढाई छाड्ने अवस्थालाई रोक्ने उपायहरु एवं बालबालिकाहरुले बीचैमा किन पढाई छाड्दछन् ? पढाइ छाड्नुको मुख्य कारणहरु के के हुन् ? जस्ता विद्यार्थीका कक्षा छाड्ने कारणहरुको खोजी गरि समस्या समाधानका उपायहरु प्रस्तुत गर्न, अनुसन्धन एवं खोजिनीति गर्न, विद्यार्थीहरुले कक्षा छाड्नका मूल कारणहरु के के हुन सक्छन् जस्ता विषय वस्तुहरुको गहिराइमा पुग्नमा महत्वपूर्ण सहयोग प्राप्त भएको छ ।

यसरी यस अध्ययनले अनुसन्धान लेखन, समस्या समाधान एवं खोजीनीति गर्ने कार्यका लागि यस अध्ययनले अनुसन्धान एवं खोजि गर्नमा महत्वपूर्ण सहयोग पुग्न सक्नेछ । वास्तवमा विद्यालयका बालबालिकाहरुले कक्षा छाड्ने समस्या दिन प्रतिदिन वढ्दै गएमा यसले विकराल रुप लिई शैक्षिक गुणस्तर वृद्धिका लागि पाठ्यक्रम र पाठ्यपुस्तकले राखेको उद्देश्य पूरा नहुने हुनाले यो र यस्तै किसिमका समस्याहरु हल गर्नमा माथि उल्लेखित लेख रचनाले समस्याहल गर्नका लागि वास्तविकतामा पुग्न महत्वपूर्ण सहयोग गरेको छ ।

# परिच्छेद तीन

# अनुसन्धान विधि

## ३.१ अनुसन्धान ढाँचा

सुचनाहरुलाई सङ्ख्यात्मक ढंगबाट प्रस्तुत गरि वर्णनात्मक ढंगले व्याख्या गरिएको छ । यो अध्ययन गुणात्मक र मात्रात्मक दुवै संरचनामा आधारित रहेको छ ।

## ३.२ छनौट प्रकृया

### क) जनसङ्ख्या

यो शोधकार्य झापा जिल्लाको गौरादह स्रोतकेन्द्र अन्तरगतका आधारभूत तहका विद्यार्थीहरुको विद्यालय छाड्ने समस्याको अध्ययनसँग सम्बन्धित छ । यस स्रोतकेन्द्रमा १९ वटा विद्यालयहरु छन् । यिनै १९ वटा विद्यालयहरु मध्ये ४ वटा विद्यालयलाई नमुनाको रुपमा छनौट गरिएका विद्यालयहरुका सरोकारवालाहरुसँग छलफल, प्रश्नावली, अन्तरवार्ता, सहभागितामूलक अवलोकन आदिको माध्यमबाट यो शोधपत्र तयार गरिएको छ ।

### ख) नमुनाको आकार

अध्ययनका लागि आवश्यक तथ्याङ्क संकलन गर्न उद्देश्यमूलक नमुना छनौटका आधारमा गरिएको छ । जस अन्तर्गत निम्न माध्यमिक विद्यालयहरु ४ वटा छनौट गरिएको छ । छनौटमा परेका विद्यालयका प्र.अ. ४ जना, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ४ जना, शिक्षक अभिभावक संघका संयोजक ४ जना, स्थानी वुद्धिजिवी २ जना, छनौट गरिएका विद्यालयमा बीचैमा कक्षा छाड्ने बालबालिकाहरु मध्येबाट ५/५ जना छात्र/छात्रा पर्ने गरी २० जना, निम्न माध्यमिक तहमा कार्यरत शिक्षक/शिक्षिकाहरु मध्ये २० जना, सम्बन्धित स्रोतकेन्द्रका स्रोतव्यक्ति, वि.नि. तथा जिल्ला शिक्षा कार्यालयका कर्मचारी समेत गरी १० जना छनौट गरी यस शोधपत्र कार्यलाई सम्पन्न गर्ने काम गरिएको छ ।

## ३.३ तथ्याङ्क सङ्कलन प्रकृया

झापा जिल्लाको गौरादह स्रोतकेन्द्र अन्तर्गत पर्ने १९ वटा सामुदायिक विद्यालय भित्रका बालबालिकाहरुले के, किन र कसरी विद्यालय छाड्ने गरेका छन्, सो को गहिराइमा

पुगेर अध्ययन गर्नका लागि तथ्याङ्क सङ्कलन विधिको महत्वपूर्ण स्थान हुन्छ । छनौटको विधि, तौर तरिकाहरु प्रभावकारी भएमा एवं सत्य तथ्य कारणहरुको पहिचान गर्न सकेमा र समस्याको चुरो पत्ता लगाएर मात्र त्यसको समाधान गर्न पट्टी लागेमा समस्याको निराकरण गर्नमा ठूलो सहयोग पुग्ने हुन्छ । यो शोधकार्य १९ विद्यालयलाई जनसङ्ख्या मानी ४ वटा विद्यालयलाई नमुना छनौट गरि अध्ययन अनुसन्धान गरिएको छ । अध्ययनका लागि शोधकर्ता स्वयं उपस्थित भएर विद्यालय निरीक्षक, स्रोतव्यक्ति, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका संयोजकहरु, प्रधानाध्यापक, शिक्षक-शिक्षिका, विद्यार्थी, अभिभावक एवं स्थानीय वुद्धिजीवीसँग समेत प्रश्नावली, अन्तरवार्ता, प्रश्नोत्तर, छलफल आदिको माध्यमबाट यो अध्ययन अनुसन्धान गरिएको छ ।

आधारभूत तह कक्षा १ देखि ८ सम्मका बालबालिकाहरुले आफूले अध्ययन गरेको कक्षा पूरा नगरि बीचैमा विद्यालय छाड्ने छात्र छात्राहरुको अध्ययन एवं लेखाजोखा गर्ने क्रममा कक्षा १ देखि ८ सम्मका छात्र छात्राहरुको कक्षागत विवरण, हाजिर रजिष्टर एवं तथ्याङ्कको Flash I र Flash II (वर्ष २०६७) को माध्यमबाट संकलन गरिएको छ । साथै तथ्याङ्क संकलन गर्दा नमुनाको रुपमा छनौट गरिएका विद्यालयहरुमा पुगेर बालबालिकाहरुको भर्ना सख्या, परीक्षामा सम्मिलित बालबालिका संख्या, कक्षा छाड्ने विद्यार्थीको संख्या आदिको संकलन गरिएको छ । साथै बीचैमा अध्ययन पुरा नगरी पढाई छोडी वसेका बालबालिकाहरुको घरमा र खेतवारीमा काम गरिरहेका स्थानमा समेत पुगी छलफल गर्दै सुक्ष्म रुपमा अवलोकन गरिएको छ ।

## ३.४ नमुना छनौटका आधार

नमुना छनौटको आधारको सम्बन्धमा यस गौरादह स्रोतकेन्द्र अन्तर्गत पर्ने १९ वटा विद्यालयहरु मध्ये उद्देश्यमुलक नमुना छनौट प्रक्रियाका आधारमा ४ वटा निम्न माध्यमिक विद्यालयलाई सम्बन्धित स्रोतकेन्द्रका स्रोतव्यक्ति र विद्यालय निरिक्षकको सहयोगमा स्रोतकेन्द्र स्तरीय वैठकको अवसर पारी छनौट गरियो । यसरी छनौटमा परेका विद्यालयका प्र.अ.हरुबाट कक्षा छाड्नाका कारणको पहिचान हुन सक्ने भएको कारणले तिनै छनौटमा परेका विद्यालयका प्र.अ.हरु ४ जनासँग प्रश्नावली, अन्तरवार्ता, प्रश्नोत्तर, छलफल आदिको माध्यमबाट समस्याको पहिचान गर्ने काममा ठोस निष्कर्ष आउन सक्ने भएकोले ४ जना प्र.अ.लाई छनौट गरिएको छ ।

साथै सोहि विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ४ जना, शिक्षक अभिभावक संघका संयोजक ४ जनालाई विद्यालयका प्रमुखका नाताले बढी भन्दा बढी जानकारी हुने र समस्याको हल गर्नुमा महत्वपूर्ण सहयोग पुग्न सक्ने आशाले छनौट गरियो । साथै छनौट गरिएका विद्यालयबाट बीचैमा कक्षा छाड्ने बालवालिकाहरुबाट समेत के कति कारणले विद्यालय छाडेको हो सत्य तथ्य विवरण प्राप्त गर्ने आशाले प्रत्येक विद्यालयबाट ५/५ जना छात्रा छात्र पर्ने गरी २० जनाको छनौट उनीहरुकै राय सल्लाह अनुसार गरिएको छ र छनौट भएका विद्यालयका शिक्षक-शिक्षिकाहरु मध्येबाट उद्देश्यमूलक नमुना छनौटका आधारमा प्रत्येक विद्यालयबाट ४/४ जना पर्ने गरी खास गरि महिलालाई प्राथमिकताका आधार शिक्षकको छनौट गर्ने काम गरिएको छ । यसको अतिरिक्त छनौटमा परेका विद्यार्थीहरुका अभिभावकहरुबाट समेत सत्य तथ्य विवरण प्राप्त गर्ने आशाले प्रत्येक विद्यालयबाट ५/५ जनाका दरले महिला र पुरुषको अनुपात मिलाएर २० जना अभिभावकहरु छनौट गरिएको छ र यसको नजिकबाट हेरिरहेका र यसको महत्वपूर्ण कारण, पक्षको पहिचान गर्न त्यसै स्रोतकेन्द्रका स्रोतव्यक्ति र २ जना स्थानिय वुद्धिजीवी, विद्यालय निरीक्षक तथा जिल्ला शिक्षा कार्यालयका कर्मचारी समेत गरी १० जना छनौट गरिएको छ ।

## ३.५ अध्ययन सामग्रीहरु

यस शोधपत्र तयार गर्न अनुसन्धान कार्यमा विद्यालय सर्वेक्षण अन्तरवार्ता, अवलोकन, प्रश्नावली, भलाकुसारी, छलफल जस्ता विधिहरुको प्रयोग गरि तथ्याङ्क संकलन गरिएको छ । यसरी संकलन गरिएका प्रश्नावलीहरुको उत्तरलाई पूर्व परीक्षण गरि त्यसबाट प्राप्त भएको सत्य तथ्य तथ्याङ्कलाई स्तरियता, वैद्यता र विश्वसनियताको जाँच गरि अन्तिम रुप दिइएको छ । निर्माण गरिएका प्रश्नावलीलाई अध्ययन क्षेत्रमा सामग्रीको रुपमा प्रयोग गरिएको छ । तथ्याङ्क संकलनका लागि शोधकर्ताबाट प्रत्येक विद्यालयमा उपस्थित भै प्रश्नावली फारमको प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ ।

## ३.६ तथ्याङ्कका स्रोतहरु

### क) तथ्याङ्कको प्राथमिक स्रोत

यस शोधकार्यको अध्ययनको उद्देश्य पूरा गर्नका लागि आवश्यक पर्ने प्राथमिक स्रोतका तथ्याङ्कहरु प्रश्नावलीको माध्यमबाट छनौटमा परेका एकाइहरुमा आफै गई अन्तरवार्ता तथा छलफल गरि संकलन गरिएको छ । यिनै संकलित प्राथमिक तथ्याङ्कका आधारमा व्याख्या तथा विश्लेषण गरिएको छ ।

### ख) तथ्याङ्कको द्वितीय स्रोत

गौरादह स्रोतकेन्द्र अन्तर्गत नमुना छनौटमा परेका ४ वटा विद्यालयमा भर्ना भएका कक्षा अनुसारका कुल छात्रा छात्र, शैक्षिक सत्रको अन्त्यमा परीक्षामा सामेल भएका कुल छात्रा छात्र, कक्षा छाड्ने विद्यार्थीहरुको वर्तमान अवस्था अध्ययन गर्नका लागि विद्यालयका अभिलेखहरुको प्रयोग गरिएको छ भने सम्बन्धित विषयमा तथ्य तथ्याङ्क अध्ययनका लागि विभिन्न पुस्तकहरु, प्रतिवेदनहरु, लेखहरु आदि प्रयोग गरिएका छन् ।

## ३.७ तथ्याङ्कको विश्लेषण प्रकृया

प्राप्त तथ्याङ्कलाई डायरीमा नोट गरि तथ्याङ्कलाई भरपर्दो र विश्वसनिय बनाउन संख्यात्मक र गुणात्मक दुवै विधिद्वारा तथ्याङ्कहरुको विश्लेषण गरिएको छ । यसरी समग्रमा बालबालिकाहरुले विचैमा विद्यालय छाड्ने कारणहरु खोजी व्याख्या विश्लेषण गरिएको छ । अभिभावक, स्वयम् बीचैमा विद्यालय छाड्ने छात्रा छात्र, विद्यालय व्यवस्थापन समिति अध्यक्ष, शिक्षक अभिभावक संघका संयोजक, प्र.अ., शिक्षक, विद्यालय निरीक्षक, स्रोतव्यक्ति आदिसँग प्रश्नावलीको माध्यमबाट उत्तर प्राप्त गरि सो को आधारमा बालबालिकाहरुले विद्यालय छाड्ने अवस्था एवं विद्यालय छाड्नु पर्ने कारणहरुको व्याख्या विश्लेषण गरिएको छ ।

यस शोध कार्यको अध्ययनको उद्देश्य पुरा गर्नका लागि आवश्यक पर्ने तथ्याङ्कको प्राथमिक स्रोतहरुको समेत अध्ययन गरिएको छ । विद्यालयको वास्तविक अवस्थाको अध्ययन गर्न विद्यालयको सर्वेक्षण फारम भरी, सहभागितामूलक अवलोकन गरि गराई, अन्तरवार्ता,

प्रश्नावली फारम भर्ने, छलफल गर्ने, विचारको आदानप्रदान गर्ने जस्ता माध्यमबाट अध्ययन गरि विभिन्न तालिका, टेवुल, ग्राफचार्ट, पाइचार्ट आदि तयार पारी प्रतिशत, अनुपात निकाली तथ्याङ्कहरुको व्याख्या विश्लेषण गर्ने काम गरिएको छ ।

# परिच्छेद चार
# विश्लेषण र व्याख्या

## तथ्यांक विश्लेषण र व्याख्या

यस भागमा सरोकारवालाहरुसँग गरिएको अनुसन्धान, प्रश्नोत्तर, छलफल, अवलोकन तथा भेटघाट आदिबाट प्राप्त विवरणहरुको तथ्यांक विश्लेषण र व्याख्या निम्नअनुसार गरिएको छ ।

झापा जिल्लाको गौरादह स्रोतकेन्द्र पिछडिएका समुदायका बालबालिका अध्ययन गर्ने स्रोत केन्द्र हो । जातीय हिसावले दलित, जनजाति एवं मधेशी जाताजातिहरुको वाहुल्यता रहेको यो स्रोतकेन्द्रलाई गरिवी र विपन्नताले ग्रसित पारेको छ । आर्थिक, सामाजिक हिसावले पछाडि परेका समुदायका बालबालिका अध्ययन गर्ने भएकोले बालबालिकाहरु किन कसरी र के कारणले विद्यालय छाड्छन् र छाडेका छन् भन्ने सेरोफेरोमा रही यसको अध्ययन गरिएको छ । यस अध्ययनको उद्देश्य परिपूर्तिका लागि विभिन्न साधनहरुको प्रयोग गरी प्राप्त हुन आएका सत्य तथ्य तथ्यांकहरुलाई विभिन्न उपशीर्षकमा विभाजन गरी व्याख्या विश्लेषण एवम् प्रस्तुती गरिएको छ ।

बालबालिकाहरुले बीचैमा विद्यालय छाड्ने कारणहरुमा शैक्षिक कारण, आर्थिक पक्षसँग सम्बन्धित कारण, व्यक्तिगत पक्षसँग सम्बन्धित कारण एवम् घरायसी पक्षसँग सम्बन्धित कारणहरु रहेका देखिन्छन् । विद्यालयमा पढाई राम्रो नहुनु, वार्षिक परीक्षामा फेल हुनु, चाहेको विषय पढ्न नपाउनु, परीक्षा दिने अवसर नपाउनु, शिक्षकबाट हुने व्यवहार शारीरिक सजाय दिने र रुखो व्यवहार हुनु जस्ता शैक्षिक पक्षसँग सम्बन्धित कारणहरु देखिन्छन् भने विद्यालयले लिने भर्ना शुल्क, परीक्षाशुल्क, दिन नसक्नु पठनपाठनका लागि आवश्यक सामग्रीहरुको अभाव हुनु, आर्थिक पक्षसँग सम्बन्धित कारणहरुले बीचैमा विद्यालय छाड्नु पर्ने अवस्था सृजना गरेको छ । यस्तै व्यक्तिगत दुर्घटनाबाट अपाङ्ग हुनु, अभिभावक नहुनु, साथी संगतको कुलतमा पर्नु, विवाह सानैमा हुनु र उमेर बढी हुनु जस्ता व्यक्तिगत पक्षसँग सम्बन्धित कारणहरु लगायत घरको काममा सहयोग पुऱ्याउनु पर्ने विभिन्न व्यवसाय संचालन गर्नु पर्ने जस्ता समस्याका कारणहरुले बीचैमा विद्यालय छाड्नु परेको देखिन्छ । यसका साथै अंग्रेजी भाषा मोहका कारण आर्थिक अवस्था केही सुदृढ भएका कतिपय अभिभावकका वालवच्चाहरु संस्थागत विद्यालयमा स्थानान्तरण हुने गरेकाले पनि सामुदायिक विद्यालयमा कक्षा छाड्ने दर वढेको देखिन्छ ।

## ४.१ नेपालको प्रा.वि. तहमा विद्यालय छाड्ने विद्यार्थीको वर्तमान अवस्था

तालिका १

नेपालमा जम्मा बालबालिका भर्ना संख्या

| कक्षा | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| कक्षा १ | ७४४४३० | ७८४५७३ | १५२९००३ |
| कक्षा २ | ४८१२५९ | ४९५७३८ | ९७६९९७ |
| कक्षा ३ | ३५३८४६ | ३८५१४७ | ७३८९९३ |
| कक्षा ४ | ३०७४६६ | ३४०३५१ | ६४७८१७ |
| कक्षा ५ | २७२३७५ | ३०४९४५ | ५७७३२० |
| जम्मा | २१५९३७६ | २३१०७५४ | ४४७०१३० |

स्रोत : Flash I र Flash II शिक्षा विभाग सानोठिमी, भक्तपुर -०६७

माथि उल्लेखित तालिकाको आधारमा २०६७ मा कक्षा १ देखि ५ सम्मका छात्रा २१५९३७६ (४८.३१%) र छात्र २३१०७५४ (५१.६९%) गरी कुल जम्मा ४४७०१३० जना भर्ना रहेका छन् । यसरी हेर्दा छात्राको दाँजोमा छात्रको संख्या बढी देखिन्छ । सवैभन्दा बढी बालबालिका संख्या कक्षा १ मा कुल १५२९००३ जना देखिन्छन् भने सवैभन्दा घटी कक्षा ५ मा ५७७३२० जना रहेको देखिएको छ ।

तालिका २

नेपालमा परीक्षामा सम्मिलित बालबालिका संख्या

| कक्षा | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| कक्षा १ | ५४९९५७ | ५७६२८६ | ११२६२४३ |
| कक्षा २ | ४२७००५ | ४३७४८६ | ८६४५०१ |
| कक्षा ३ | ३२४१५५ | ३४९५६५ | ६७३७२० |
| कक्षा ४ | २८२९७१ | ३०९५०९ | ५९२४८० |
| कक्षा ५ | २५०९३७ | २७७६६१ | ५२८५९८ |
| जम्मा | १८३५०२५ | १९५०५०७ | ३७८५५४२ |

स्रोत : Flash I र Flash II शिक्षा विभाग सानोठिमी, भक्तपुर-०६७

शिक्षा विभागबाट प्राप्त २०६७ सालको तथ्यांक अनुसार परीक्षामा सम्मिलित बालबालिका संख्यामा छात्रा १८३५०२५ (४८.४७%) र छात्र १९५०५०७ (५१.५३%) गरी कुल ३७८५५४२ जना देखिएका छन् । यसरी हेर्दा परीक्षामा सम्मिलित विद्यार्थीमा सवै भन्दा बढी कक्षा १ मा ११२६२४३ रहेको र सवै भन्दा कम कक्षा ५ मा ५२८५९८ जना रहेको देखिन्छ ।

तालिका ३

नेपालमा कक्षा छाड्ने बालबालिका संख्या


| कक्षा | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| कक्षा १ | १९४४७३ | २०८२८७ | ४०२७६० |
| कक्षा २ | ५४२५४ | ५८२५२ | ११२५०६ |
| कक्षा ३ | २९६९१ | ३५५८२ | ६५२७३ |
| कक्षा ४ | २४४९५ | ३०८४२ | ५५३३७ |
| कक्षा ५ | २१४३८ | २७२८४ | ४८७२२ |
| जम्मा | ३२४३५१ | ३६०२४७ | ६८४५९८ |

स्रोत : Flash I र Flash II शिक्षा विभाग सानोठिमी, भक्तपुर-०६७

नेपालको सन्दर्भमा शैक्षिक सत्र २०६७ सालकै जम्मा बालबालिका भर्ना र परीक्षामा सम्मिलित विद्यार्थीको आधारमा हेर्ने हो भने कक्षा छाड्ने बालबालिका संख्या कक्षा १-५ मा छात्रा ३२४३५१ (४७.३८%) र छात्र ३६०२४७ (५२.६२%) गरी कुल जम्मा ६८४५९८ रहेको छ ।

चित्र १

प्रा.वि. तहमा भर्ना, परीक्षामा सम्मिलित र कक्षा छाड्ने संख्या




## ४.२ गौरादह स्रोतकेन्द्रको वर्तमान विद्यालय छाड्ने बालबालिका विवरण

तालिका ४

विद्यार्थी भर्ना संख्या

| शैक्षिक सत्र २०६७ | | | |
|---|---|---|---|
| कक्षा | छात्रा | छात्र | जम्मा |
| कक्षा १ | ७८३ | ७१३ | १४९६ |
| कक्षा २ | ७३७ | ७१६ | १४५३ |
| कक्षा ३ | ६९९ | ६९१ | १३९० |
| कक्षा ४ | ७२३ | ६९३ | १४१६ |
| कक्षा ५ | ६७४ | ६७१ | १३४५ |
| कक्षा ६ | ७५३ | ७५१ | १५०४ |
| कक्षा ७ | ६३६ | ६४१ | १२७७ |
| कक्षा ८ | ६५१ | ६५३ | १३०४ |
| जम्मा | ५६५६ | ५५२९ | १११८५ |

स्रोत : स्रोत केन्द्र गौरादह, झापा, वर्ष २०६७

गौरादह स्रोतकेन्द्र अन्तर्गतका विद्यालयहरुमा शैक्षिक सत्र २०६७ मा कुल भर्ना भएका ११११८५ विद्यार्थी मध्ये छात्रा ५६५६ (५०.५६%) र छात्र ५५२९ (४९.४४%) रहेको छ ।

तालिका ५

परीक्षामा सम्मिलित संख्या

| शैक्षिक सत्र २०६७ | | | |
|---|---|---|---|
| कक्षा | छात्रा | छात्र | जम्मा |
| कक्षा १ | ७३१ | ६९१ | १४२२ |
| कक्षा २ | ७०१ | ६८५ | १३८६ |
| कक्षा ३ | ६८१ | ६७५ | १३६६ |
| कक्षा ४ | ७०२ | ६७३ | १३७५ |
| कक्षा ५ | ६५७ | ६५३ | १३०० |
| कक्षा ६ | ७१३ | ७१२ | १४२५ |
| कक्षा ७ | ६०३ | ६१९ | १२२२ |
| कक्षा ८ | ७०६ | ६२४ | १२३१ |
| जम्मा | ५३९५ | ५३३२ | १०७२७ |

स्रोत : स्रोत केन्द्र गौरादह, झापा, वर्ष २०६७

गौरादह स्रोतकेन्द्र अन्तर्गतका विद्यालयहरुमा शैक्षिक सत्र २०६७ मा कुल भर्ना भएका ११११८५ विद्यार्थी मध्ये छात्रा ५६५६ (५०.५६%) र छात्र ५५२९ (४९.४४%) रहेको छ । जसमध्ये परीक्षामा सामेल कुल १०७२७ विद्यार्थी मध्ये छात्रा ५३९५ (५०.३०%) र छात्र ५३३२ (४९.७०%) रहेका छन् ।

तालिका ६

बीचैमा विद्यालय छाड्ने बालबालिका संख्या


| शैक्षिक सत्र २०६७ | | | |
|---|---|---|---|
| कक्षा | छात्रा | छात्र | जम्मा |
| कक्षा १ | ५२ | २२ | ७४ |
| कक्षा २ | ३६ | ३१ | ६७ |
| कक्षा ३ | १८ | १६ | ३४ |
| कक्षा ४ | २१ | २० | ४१ |
| कक्षा ५ | १७ | २८ | ४५ |
| कक्षा ६ | ४० | ३९ | ७९ |
| कक्षा ७ | ३३ | २२ | ५५ |
| कक्षा ८ | ४४ | २९ | ७३ |
| जम्मा | २६१ | २०७ | ४६८ |

स्रोत : स्रोत केन्द्र गौरादह, झापा, वर्ष २०६७

शैक्षिक सत्र २०६७ मा कुल भर्ना भएका १११८५ विद्यार्थी मध्ये बीचैमा कक्षा छाड्ने बालबालिकाको संख्या ४६८ (४.२%) रहेको छ । सवैभन्दा बढी कक्षा छोड्ने संख्या कक्षा ६ मा ७९ (१६.८%) रहेका छन् । सवैभन्दा कम कक्षा ३ मा ३४ (७.२%) रहेको छ । त्यसै गरी कक्षा १, ७, ८ मा क्रमश: ७४ (१५.८%), ५५ (११.७%), ७३ (१५.५%) जना रहेका छन् । उल्लेखित तथ्यांकलाई विश्लेषण गर्दा विशेष गरेर कक्षा १ का विद्यार्थीहरु संस्थागत विद्यालयमा स्थानान्तरण हुने र ६, ७, ८ का विद्यार्थीहरु घरायसी काम र साना भाईवहिनी हेरचाह गर्नका लागि विद्यालय छाड्ने गरेको पाइन्छ ।

चित्र २

गौरादह स्रोतकेन्द्रको (कक्षा १ देखि ८ सम्म) भर्ना, परीक्षामा सम्मिलित र कक्षा छाड्ने




बालबालिकाहरुले कक्षा छाड्ने समस्या विद्यालयको सवैभन्दा चुनौतिपूर्ण समस्या हो । यो समस्याको हल एवम् न्यूनिकरण हुने हो भने विद्यालयको सिकाई उपलब्धी दरमा वृद्धि हुने, पाठ्यक्रम र पाठ्यपुस्तकले राखेको उद्देश्य पुरा हुने विद्यालय साच्चिकै विद्यालय जस्तो भई अभिभावक र समग्र विद्यालय परिवारको इच्छा चाहाना पुरा हुने हुँदा यसको अन्त्यको महत्वपूर्ण स्थान छ । विद्यालयका समस्याहरु मध्ये सवै भन्दा चुनौतीपूर्ण समस्या बालबालिकाहरुले कक्षा छाड्ने नै भएकोले यसको पूर्ण रुपमा हल भएका विद्यालयका शैक्षिक सूचाङ्कहरु सकारात्मक रुपमा वृद्धि भई आमूल परिवर्तन समेत आउन सक्दछ । त्यसैले यसरी बालबालिकाहरुको पठन पाठनको क्षेत्रमा थुप्रै लगानीहरु भएका छन् । यावत जे जति कार्यक्रमहरु भएका छन् सवै बालबालिकाहरुको शैक्षिक गुणस्तर वृद्धिका लागि नै भएका छन् । त्यसैले कक्षा छाड्ने दरलाई न्यूनीकरण गर्दै लैजान जरुरी पर्दछ । यस स्रोतकेन्द्रमा आधारभू तहमा छात्रा र छात्र गरी जम्मा जना बालबालिकाहरु मध्ये यसै तहमा छात्रा र छात्र गरी जम्मा जना बालबालिकाहरुले कक्षा छाडेका छन् ।

## ४.३ नमुना विद्यालयको कक्षामा भर्ना र कक्षा छोड्ने विद्यार्थीहरुको विवरण

नमुना छनौट गरिएका माथि उल्लेखित ४ वटा बिद्यालयहरुको बीचैमा कक्षा छाड्ने बिद्यार्थिहरुको आकांडालाई बिश्लेषण गर्दा श्री मोति निम्न माध्यमिक बिद्यालयको कक्षा ५ मा सबैभन्दा थोरै ३ जना बिद्यार्थीले र सबैभन्दा धेरै १३ जना कक्षा ६ मा बिद्यालय छोडेको देखिन्छ । यसैगरि अमर निम्न माध्यमिक बिद्यालयमा कक्षा २ मा बिद्यार्थीले कक्षा छाडेको देखिदैन भने सबै भन्दा बढि कक्षा ६मा ७ जनाले कक्षा छाडेको देखिन्छ । भिमसेन निम्न माध्यमिक बिद्यालयमा पनि कक्षा ६ मा ८ जना बिद्यार्थीले कक्षा छाडेका छन् ।सूर्योदय निम्न माध्यमिक बिद्यालयमा पनि कक्षा ६मा ७ जना बिद्यार्थीलेकक्षा छाडेका छन् । बिशेष गरेर सामुदायिक बिद्यालयमा पठनपाठन गर्ने बालबालिका बिपन्न परिवारका हुने तथा अधिकांश कृषि पेशामा आवद्ध परिवारका छोराछोरी हुने भएकाले घरायसी कामकाजमा सहयोग गर्न तथा साना भाई बहिनीहरुको हेरबिचार गर्न घरमा बस्नुपर्ने बाध्यता रहेको देखिन्छ ।

तालिका ७


नमुना छनौट गरेका विद्यालयहरुको कक्षा छाड्ने विद्यार्थीको प्रतिशत

| क.सं. | विद्यालयको नाम | कुल बालबालिका संख्या | परीक्षामा सामेल वि.सं. | विचैमा कक्षा छाड्ने वि.सं. | विचैमा कक्षा छाड्ने % |
|---|---|---|---|---|---|
| १ | मोति नि.मा.वि. गौरादह | ३२८ | २८१ | ४७ | १४ |
| २ | अमर नि.मा.वि. गौरादह | ४९२ | ४६३ | २९ | ६ |
| ३ | भिमसेन नि.मा.वि. महारानीझोडा | ३२३ | २९४ | २९ | ९ |
| ४ | सूर्योदय नि.मा.वि. गौरादह | २६७ | २५० | १७ | ६ |
|  | जम्मा | १४१० | १२८८ | १२२ |  |

स्रोत : स्थलगत अध्ययन-०६८

चित्र ३

नमुना छनौट गरेका विद्यालयहरुको कक्षा छाड्ने विद्यार्थीको प्रतिशत




नमुना छनौट गरिएका बिद्यालयहरुका कुल बिद्यार्थी १४१० मध्ये १२८८ बिद्यार्थीहरु मात्र परीक्षामा सामेल भएको पाईयो भने १२२ जना बिद्यार्थीले बीचैमा कक्षा छाडेका छन् । एक शैक्षिक सत्रमा मात्र ४ वटा बिद्यालयमा ४ प्रतिशत बिद्यार्थीले कक्षा छाडेका छन् जुन सबैका लागि शिक्षा भन्ने कार्यक्रमका लागि सोच्नै पर्ने बिषय बनेको देखिन्छ । यसबाट के भन्न सकिन्छ भने आधारभुत तहमा बीचैमा कक्षा छाड्ने बिद्यार्थीको अवस्था सोचे भन्दा पनि बिकराल छ ।

## ४.४ बीचैमा कक्षा छाड्ने कारण सम्बन्धी सम्बन्धित पक्षको धारणा

आधारभूत तहका बालबालिकाहरुले आधारभूत तहको शिक्षा पूरानगरी बीचैमा कक्षा छाडेर घरमा वसिरहेको बालबालिकाहरुको अवस्था कस्तो छ ? बालबालिकाहरुले कक्षा छाड्ने मुख्य कारण के हो ? उनीहरु किन बीचैमा कक्षा छाड्न वाध्य भए ? कक्षा छाड्नेमा प्रमुख दोष कस्को थियो ? भनी, प्र.अ., शिक्षक, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु, शिक्षक अभिभावक संघका अध्यक्षहरु, छनौट गरिएका विद्यालयका अभिभावकहरु एवम् स्रोत व्यक्ति तथा वि.नि. हरु लगायतका सरोकारवालाहरुले कस्तो विचार राख्दा रहेछन् भनी समस्या समाधानको उपाय खोज्न प्रश्नावली फारमको प्रयोग गरी उनीहरुसँग लिएको विवरणहरुको नतिजा यस प्रकार रहेको छ ।

### ४.४.१ प्र.अ. तथा शिक्षकको धारणा

आधारभूत तहमा अध्ययन गर्ने बालबालिकाहरु के कारणले बीचैमा विद्यालय छाड्ने गरेका छन् भनी प्रश्न गर्दा नमुना विद्यालयका प्र.अ., शिक्षक, शिक्षिकाहरुले आ-आफ्नो विचारहरु यस प्रकार व्यक्त गुर्न भएको छ ।

तालिका ८

बीचैमा पढाइ छाड्ने मुख्य कारणहरु

| क्र.सं. | बीचैमा पढाइ छाड्ने मुख्य कारणहरु | शिक्षक संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सामाजिक कारण (जनचेतनाको अभाव, कुसंस्कार, जातीय भेदभाव आदि) | ६ | ३० |
| २ | आर्थिक कारण (गरिवी) | ८ | ४० |
| ३ | पढ्न मन नगरेर | ४ | २० |
| ४ | चेतनाको कमी | २ | १० |
| | जम्मा | २० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०६८

माथिको तालिका अनुसार आधारभूत तहमा बालबालिकाहरुले बीचैमा पढाई छाड्नु पर्ने मुख्य कारणमा आर्थिक अवस्था नै हो भन्ने प्र.अ., शिक्षक, शिक्षिकाको ४०% पाइयो । सामाजिक कारणमा ३०%, पढ्न मन नगरेर २०% र चेतनाको कमीमा १०% रहेको पाइयो ।

### ४.४.२ बीचैमा पढाई छोड्ने बालबालिका विवरण

तालिका ९

बीचैमा पढाइ छाड्ने छात्रा/छात्र विवरण

| क.सं. | बीचैमा पढाइ छाड्ने छात्रा/छात्र विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | केटीको संख्या वढी ५ | १० | ५० |
| २ | केटाको संख्या बढी छ | ८ | ४० |
| ३ | दुवै वरावरी | २ | १० |
| | जम्मा | २० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०६८

माथिको तालिका अनुसार अधारभूत तहका बालबालिकाहरुले बीचैमा पढाइ छाड्ने कारणहरुमा शिक्षक तथा प्र.अ. को भनाइ अनुसार सवैभन्दा बढी छात्राहरुले ५०% ले छाडेको र छात्रमा ४०% छाडेको विवरण प्राप्त भएको छ भने वरावरी छाडेको छ भन्नेमा १०% रहेको छ ।

### ४.४.३ बालबालिकाहरुले बीचैमा पढाइ छाडनेमा मुख्य जिम्मेवार पक्षका सम्बन्धमा

तालिका १०

बालबालिकाहरुले पढाइ छाड्नुमा जिम्मेवार


| क.सं. | बालबालिकाहरुले पढाइ छाड्नुमा जिम्मेवार | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अभिभावक | १० | ५० |
| २ | शिक्षक | २ | १० |
| ३ | विद्यालय | २ | १० |
| ४ | समुदाय | ६ | ३० |
| | जम्मा | २० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०६८

बालबालिकाहरुले बीचैमा विद्यालय छाड्नमा मुख्य जिम्मेवार पक्ष को हो भनी प्र.अ., शिक्षकहरुसँग गरिएको प्रश्नमा सवैभन्दा बढी अभिभावकमा ५०% र सवैभन्दा कम विद्यालयमा १०% रहेको कुरा उल्लेख गरिएको छ ।

चित्र ४

बालबालिकाहरुले पढाइ छाड्नुमा जिम्मेवार




## ४.४.४ बालबालिकाहरुले बीचैमा कक्षा छाड्ने समस्या समाधान गर्ने उपायहरुको विवरण

तालिका ११

समाधानका उपाय (सुझावहरु)

| क्र.सं. | समाधानका उपाय (सुझावहरु) | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | गरिवी उन्मूलन गर्ने कार्यक्रम ल्याउने | ८ | ४० |
| २ | विद्यालयमा तालिम प्राप्त शिक्षिकको व्यवस्था | ४ | २० |
| ३ | अभिभावकहरुमा जनचेतना अभिवृद्धि | ४ | २० |
| ४ | सवै छात्राहरुलाई छात्रवृत्तिको व्यवस्था | ४ | २० |
| | जम्मा | २० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०६८

आधाभूत तहमा अध्ययन गर्ने बालबालिकाहरुको पढाइ छाड्ने समस्याहरुको समाधान गर्न के गर्नु पर्ला ? भनी प्र.अ. शिक्षक, शिक्षिकाहरुसँग सुझाव माग्दा ४०% ले गरिवी उन्मूलन गर्ने विशेष कार्यक्रम ल्याउनु पर्नेमा जोड दिए । विद्यालयमा तालिमा प्राप्त शिक्षकका व्यवस्था गर्नु पर्नेमा २०% ले जोड दिए । यसै गरी अभिभावकहरुमा चेतना फैलाउनु पर्नेमा पनि २०% ले जोड दिए भने सवै छात्राहरुलाई छात्रवृत्तिको व्यवस्था गर्नु पर्नेमा समेत २०% ले जोड दिएका थिए ।

### ४.४.५ विद्यालयमा फर्काउने उपायहरु

तालिका १२


विद्यालयमा फर्काउने उपायहरु

| क.सं. | उपायहरु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | विद्यालयको वातावरण सुधार गर्ने | ४ | २० |
| २ | घरको वातावरण सुधार गर्ने | ४ | २० |
| ३ | आर्थिक सहयोग गर्ने | ८ | ४० |
| ४ | अभिभावकहरुलाई जागरण कार्यक्रम संचालन गर्ने | ४ | २० |
| | जम्मा | २० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०६८

चित्र ५

विद्यालयमा फर्काउने उपायहरु



माथिको तालिका अनुसार प्र.अ. तथा शिक्षकहरुको विचार अनुसार आर्थिक सहयोग गर्नु पर्नेमा सवैभन्दा बढी ४०%, विद्यालयको वातावरण सुधार गर्ने र अभिभावकहरुलाई जागरण कार्यक्रम संचालन गर्नेमा २०% र घरको वातावरण सुधार गर्नेमा २०% रहेको पाइएको छ ।

## ४.५ विद्यालय नजाने विद्यार्थीहरुमा अभिभावकहरुको शिक्षा प्रतिको धारणा

आधारभूत तहको शिक्षा पुरा नगरी बीचैमा विद्यालय छाड्ने बालबालिकाहरुको अभिभावकहरुसँग बीचैमा कक्षा छाडी घरमा वसिरहेका बालबालिकाहरुको अवस्था कस्तो छ ? उनीहरु विद्यालय छाड्न किन वाध्य भए भनी उनीहरुसँग विचार जान्न ५ जना महिला र १५ जना पुरुष अभिभावकसँग प्रश्नावली फारमको प्रयोग गरिएको थियो । यसको नतिजाको विवरण यस प्रकार रहेका छन् ।

### ४.५.१ विद्यालय नजाने अभिभावकहरुका छोरा छोरीको विवरण

तालिका १३

लैङ्गिक विवरण

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १ मात्र बच्चा भएका | – | – |
| २ | २ मात्र वच्चा भएका | ८ | ४० |
| ३ | ३ मात्र बच्चा भएका | ७ | ३५ |
| ४ | ४ मात्र बच्चा भएका र सो भन्दा बढी बच्चा भएका | ५ | २५ |
| | जम्मा | २० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०६८

उपरोक्त अनुसार सम्पर्क गरिएका २० जना अभिभावकहरुमा ४०% अभिभावकहरुको ८ जना  सन्तान रहेका छन् भने ३५% अभिभावकको ७ जना र २५% अभिभावको ५ जना सन्तान रहेका देखिन्छन् । यसरी बढी सन्तान हुन गई पठन पाठनको लागि आर्थिक स्रोत जुटाउन समस्या परेको देखिन्छ ।

### ४.५.२ बालबालिकाहरुले बीचैमा पढाइ छाड्ने कारणहरु

बीचैमा विद्यालय छाड्ने अभिभावकहरुसँग केटाकेटीहरुले किन बीचैमा विद्यालय छाड्दछन् ? भनी सोधिएको प्रश्नमा अभिभावहरुबाट आएका साझा समस्याहरु लाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १४


पढाइ छाड्ने कारणहरु

| क्र.सं. | कारणहरु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | गरिवीको कारणले | १० | ५० |
| २ | घर व्यवहारले | ४ | २० |
| ३ | साकाजिक सांस्कृतिक चलन | २ | १० |
| ४ | चेतनाको कमी | ४ | २० |
| | जम्मा | २० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०६८

चित्र ६

पढाइ छाड्ने कारणहरु




गौरादह स्रोतकेन्द्रका बालबालिकाहरुले बीचैमा पढाइ छाड्ने कारणहरु के के हुन् भनी सोधिएकोमा अभिभावकहरुको भनाइअनुसार गरिवीको कारणले ५०% घर व्यवहारले २०%, सामाजिक सांस्कृति कारणले १०% र चेतनाको कमीको कारणले २०% ले पढाइ छाड्नुको कारण बताए ।

## ४.५.३ बीचैमा विद्यालय छाडी वसेका बालबालिका के गरेर दिन विताउँछन् ?

तालिका १५

बालबालिकाका कामहरु

| क.सं. | कामहरु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | खेलेर बस्ने | २ | १० |
| २ | सानो व्यापार गरेर | १ | ५ |
| ३ | घरधन्दा गरेर | ६ | ३० |
| ४ | खेतीपाती गरेर | ४ | ४० |
| ५. | अन्य | ३ | १५ |
| | जम्मा | २० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०६८

माथिको तालिका बमोजिम अभिभावकहरुको भनाई अनुसार विद्यालय छाड्र खेलेर बस्छन् भन्ने अभिभावकको संख्या १०% पाइयो भने सानो व्यापार गरेमा बस्नेमा ५% तथा घर धन्दा गरेर ३०% र खेतीपाती गरेर समय विताउने ४०% रहेको देखिन्छ ।

### ४.५.४ बीचैमा पढाइ छाडेर बसेका बालबालिकालाई विद्यालयमा फर्काउने उपायहरु

बीचैमा पढाई छाडेका बालबालिकालाई विद्यालय फर्काउन के गर्नु पर्ला भन्ने प्रश्नमा अभिभावकहरुले दिएका प्रमुख सुझावहरुलाई तल प्रस्तुत गरिएको छ ।

तालिका १६


विद्यालय फर्काउने उपाय

| क.सं. | उपायहरु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | विद्यालयको पठन पाठनमा सुधार गर्नु पर्दछ | ४ | २० |
| २ | आर्थिक सहयोग गर्ने | १० | ५० |
| ३ | चेतना फैलाउनु पर्दछ | ३ | १५ |
| ४ | भौतिक साधनको व्यवस्थापन गर्ने | ३ | १५ |
| | जम्मा | २० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०६८

चित्र ७

विद्यालय फर्काउने उपाय



अभिभावकहरुको विचारमा बीचैमा विद्यालय छाड्का बालबालिकाहरुलाई पुनः विद्यालयमा फर्काउनमा आर्थिक सहयोग गर्नु पर्ने ५०%, विद्यालयको पठन पाठनमा सुधार गर्नु पर्ने २०%, चेतना फैलाउनु पर्नेमा १५% र भौतिक साधन स्रोतको व्यवस्थान गर्नु पर्नेमा १५% रहेको पाइयो ।

### ४.५.५ बालबालिकाहरुले बीचैमा कक्षा छाड्ने समस्याहरुको समाधान गर्ने उपायहरु

बालबालिकाहरुको बीचैमा पढाइ छाड्नबाट रोक्नको लागि के गर्नु पर्ला ? भनि अभिभावक वर्गसँग राय संकलन गर्दा निम्नानुसार सुझावहरु प्राप्त भएका छन् ।

तालिका १७

समस्या समाधानका उपाय

| क्र.सं. | उपायहरु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | गरिवी उन्मुलन गर्ने कार्यक्रम ल्याउने | १० | ५० |
| २ | विद्यालयमा तालिम प्राप्त शिक्षीकाको व्यवस्था | ३ | १५ |
| ३ | अभिभावकहरुमा जनचेतना अभिवृद्धि गर्ने | ३ | १५ |
| ४ | सवै छात्राहरुलाई छात्रवृत्तिको व्यवस्था गर्ने | ४ | २० |
| | जम्मा | २० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०६८

माथिको तालिका अनुसार गरिवी उन्मुलन गर्नु पर्छ भन्ने अभिभावकहरुमा ५०%, विद्यालयमा तालिम प्राप्त शिक्षकको व्यवस्थामा १५%, अभिभावकहरुमा जनचेतना अभिवृद्धि गर्न १५% र सवै छात्राहरुलाई छात्रवृत्तिको व्यवस्था गर्न भन्नेमा २०% पाइयो ।

## ४.६ बीचैमा पढाइ छाडेर वसको बालबालिकाहरुसँग लिइएको धारणा

आधारभूत तहको अध्ययन पुरा नगरी बीचैमा पढाइ छाडी वसको बालबालिकाहरुसँग तिनीहरुले किन पढाइ छोड्नु पऱ्यो, पुनः विद्यालयमा जाने इच्छा छ कि छैन, के गऱ्यो भने उनीहरुलाई पुनः विद्यालयमा फर्काउन सकिन्छ ? आदि वारेमा प्रश्नावली सोधपुछ र भेटघाटको माध्यमबाट प्रतिकृया लिइएको थियो, जसबाट निम्नानुसार उत्तरहरु प्राप्त भएका थिए ।

### ४.६.१ पढाइ छाडेको कति वर्ष भयो भन्ने विवरण

तालिका १८

पढाइ छाडेको अवधि

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १ वर्ष भयो | ११ | ५५ |
| २ | २ वर्ष भयो | ४ | २० |
| ३ | ३ वर्ष भयो | ३ | १५ |
| ४ | ४ वर्ष भयो | २ | १० |
| | जम्मा | २० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०६८

माथिका तालिका वमोजिम छात्र छात्राहरुको भनाई अनुसार विद्यालय छाडी घरमा वसेका १ वर्ष भयो भन्नेमा सवैभन्दा वढी ५५%, २ वर्ष भयो भन्नेमा २०%, ३ वर्ष भयो भन्नेमा १५% र ४ वर्ष भयो भन्नेमा १०% रहेको पाइयो ।

## ४.६.२ बीचैमा विद्यालय छाड्नु परेको कारण सम्बन्धी विवरण

तालिका १९

विद्यालय छाड्ने कारण

| क्र.सं. | कारणहरु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | घरको कामले गर्दा | ४ | २० |
| २ | पैसाको अभावले | ११ | ५५ |
| ३ | पढन मन नलागेर | २ | १० |
| ४ | साथीभाईको करकापले | ३ | १५ |
| | जम्मा | २० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०६८

माथिको तालिका अनुसार छात्रछात्राहरुको भनाइमा सवैभन्दा वढी पैसाको अभावले ५५%, घरको कामले गर्दा २०%, पढन मन नलागेरमा १०% र साथीभाईको कारणले १५% रहेको पाइयो ।

## ४.६.३ अनुभव

तालिका २०

अनुभव

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | दु:खी छु | १५ | ७५ |
| २ | खुसी छु | २ | १० |
| ३ | थाहा छैन | ३ | १५ |
| | जम्मा | २० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०६८

बीचैमा पढाइ छाडेकोमा द:खी हुनेमा सवैभन्दा वढी ७५% रहेको र खुसी हुनेमा १०% तथा थाहा छैन भन्नेमा १५% रहेको पाइयो ।

### ४.६.४ साथीहरु विद्यालय जाँदा तिमी घरमा के गरेर दिन विताउँछौ भन्ने सम्बन्धी विवरण

तालिका २१

बालबालिकाका कामहरु

| क.सं. | कामहरु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | घाँस काट्ने, गाई हेर्ने | ६ | ३० |
| २ | घरको काम गर्ने | ४ | २० |
| ३ | भाइवैनी हेर्ने | ३ | १५ |
| ४ | ज्याला मजदुरी गर्ने | ७ | ३५ |
| | जम्मा | २० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०६८

साथीहरु विद्यालय जाँदा तिमी घरमा के गरेर दिन विताउँछौ भन्ने प्रश्न सम्बन्धीको विवरण सवैभन्दा बढी छात्रछात्राहरुको भनाई अनुसार घाँस काट्ने गाई हेर्नेमा ३०%, घरको काम गर्नेमा २०%, भाइवैनी हेर्नेमा १५% र ज्याला मजदुरी गर्नेम ३५% रहेको पाइयो ।

### ४.६.५ बीचैमा विद्यालय छाड्ने बालबालिकाहरुलाई पुनः विद्यालयमा फर्काउने उपायहरु

तालिका २२

विद्यालय फर्काउने उपाय

| क.सं. | उपायहरु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अभिभावकलाई सम्झाउने | २ | १० |
| २ | आर्थिक सहयोग गर्ने | १२ | ६० |
| ३ | विद्यमान सामाजिक कुसंस्कार हटाउने | २ | १० |
| ४ | व्यावसायिक एवम् प्राविधिक शिक्षा दिने | ४ | २० |
| | जम्मा | २० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०६८

बीचैमा विद्यालय छाड्ने बालबालिकाहरुलाई पुनः विद्यालयमा फर्काउन के गर्नु पर्ला भनी बालबालिकाहरुसँग सोधिएको प्रश्नावली फारमको आधारमा सवै भन्दा वढी आर्थिक सहयोग गर्नु पर्नेमा ६०%, अभिभावकलाई सम्झाउनेमा १०%, विद्यमान सामाजिक कुसंस्कार हटाउनु पर्नेमा १०% र व्यावसायिक एवम् प्राविधिक शिक्षा दिनेमा २०% रहेको पाइएको छ ।

## ४.६.६ तपाईलाई पढ्न कसैले सहयोग गऱ्यो भने पढ्नु हुन्छ भन्ने प्रश्न सम्बन्धी विवरण

तालिका २३

विद्यार्थीको धारणा

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पढ्छु | १३ | ६५ |
| २ | पढ्दिन | ३ | १५ |
| ३ | थाहा छैन | ४ | २० |
| | जम्मा | २० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०६८

माथि उल्लेखित तालिका अनुसार बालबालिकाहरुको भनाइ वमोजिम आर्थिक सहयोग गरेमा अध्ययन गर्नेमा सवैभन्दा बढी ६५% पढ्छु भन्नेमा, पढ्दिन भन्नेमा १५% र थाहा छैनमा २०% रहेको पाइएको छ ।

## ४.७ विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक अभिभावक संघका अध्यक्ष र स्थानीय वुद्धिजीवीहरुसँगको धारणा

बीचैमा विद्यालय छाड्ने बालबालिकाहरुको सम्बन्धमा कक्षा छाड्ने कारण, अवस्था एवम् विद्यालयमा बालबालिका भर्ना अनुत्तीर्ण हुने संख्या एवम् बीचैमा पढाइ छाड्ने संख्या अनि त्यसका समस्या समाधानका उपायहरुका सम्बन्धमा विभिन्न प्रश्न निर्माण गरी जिज्ञासा राख्दा निम्न वमोजिमको राय सुझाव तथा प्रतिकृया प्राप्त भएको छ ।

### ४.७.१ बालबालिकाहरुले बीचैमा पढाइ छाड्ने अवस्थालाई रोक्ने उपायहरु

बीचैमा पढाइ छाड्ने बालबालिकालाई रोक्ने उपायहरु के हुन सक्छन् भनी सोधिएको प्रश्नमा आएका उत्तरहरुलाई तल प्रस्तुत गरि विश्लेषण गरिएको छ ।

तालिका २४

समस्या समाधानका उपायहरु

| क्र.सं. | उपायहरु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | व्यावसायिक एवम् प्राविधिक शिक्षामा जोड | २ | २० |
| २ | शिक्षाले जन चाहना पूरा गर्नु पर्दछ | १ | १० |
| ३ | शिक्षा नीतिलाई परिवर्तन गर्नु पर्दछ | २ | २० |
| ४ | गरिवी उन्मुलन गर्नु पर्दछ | ५ | ५० |
| | जम्मा | १० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०६८

बालबालिकाहरुले बीचैमा पढाइ छाड्ने अवस्थालाई रोक्न के गर्नु पर्दछ भनी सोधनी गरिएको माथिको तालिका अनुसार अध्यक्षहरुको भनाईमा सवै भन्दा बढी गरिवी उन्मूलन गर्नमा ५०%, व्यावसायिक एवम् प्राविधिक शिक्षामा जोडमा २०%, शिक्षाले जनचाहना पुरा गर्नु पर्दछमा १०% र शिक्षा नीतिलाई समय सापेक्ष परिवर्तन गर्नु पर्दछ भन्नेमा १०% रहेको पाइएको छ ।

### ४.७.२ बालबालिकाहरुले बीचैमा किन पढाई छाड्दछन् भन्ने सम्बन्धमा

बालबालिकाहरुले बीचैमा पढाइ छाड्नुको मुख्य कारणहरु के हुन भनी सोधिएको प्रश्नमा आएका प्रमुख तथा साझा कारणहरुलाई तल प्रस्तुत गरि विश्लेषण गरिएको छ ।

तालिका २५

विद्यालय छाड्नाका कारणहरु

| क्र.सं. | कारणहरु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | गरिवीको कारण | ६ | ६० |
| २ | घरको कामले | १ | १० |
| ३ | अभिभावकमा चेतनाको कमी | २ | २० |
| ४ | शिक्षक प्र.अ. को कारणले | १ | १० |
| | जम्मा | १० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०६८

माथिको तालिका अनुसार अध्यक्षहरुको भनाईमा सवैभन्दा बढी गरिवीको कारणलेमा ६०%, घरको कामले १०%, अभिभावकहरुमा चेतनाको कमीले २०% र शिक्षक प्र.अ.को प्रतिकूल कारणले १०% बालबालिकाहरुले बीचैमा विद्यालय छाड्ने कुरा पाइएको द्ध ।

### ४.७.३ बालबालिका अनुत्तीर्ण हुनुमा सवै भन्दा बढी जिम्मेवार को छ भन्ने सम्बन्धमा

तालिका २६

जिम्मेवार पक्षको

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | शिक्षक, प्र.अ. | ६ | ६० |
| २ | बालबालिका स्वयम् | १ | १० |
| ३ | अभिभावक | ३ | ३० |
| ४ | विद्यालय व्यवस्थापन समिति | – | – |
| | जम्मा | १० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०६८

बालबालिका अनुत्तीर्ण हुनेमा सवैभन्दा बढी जिम्मेवार को छ भनि सोधिएको माथिको तालिका अनुसार अध्यक्षको विचारमा सवै भन्दा बढी शिक्षक, प्र.अ. ६०%, बालबालिका स्वयम्मा १०% र अभिभावकमा ३०% रहेको पाइएको छ ।

### ४.७.४ बीचैमा पढाइ छाडी घरमा वसेका बालबालिकाहरुलाई विद्यालयमा फर्काउने उपायहरु

बीचैमा पढाइ छाडेर वसेका बालबालिकाहरुलाई विद्यालय फर्काउने उपायहरु के हुन सक्छन् भनी सोधिएको प्रश्नमा आएका साझा तथा प्रमुख उपायहरुलाई तल प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

तालिका २७

विद्यालय फर्काउने उपायहरु

| क.सं. | उपायहरु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अभिभावक हेरचाह गर्ने | २ | २० |
| २ | विद्यालयको वातावरणमा सुधार ल्याउने | ३ | ३० |
| ३ | आर्थिक सहयोग गर्ने | ४ | ४० |
| ४ | विद्यालयको भौतिक व्यवस्थापन गर्ने | १ | १० |
| | जम्मा | १० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०६८

माथिका तालिका अनुसार अध्यक्षज्यूहरुको भनाई वमोजिम सवैभन्दा बढी आर्थिकसहयोग गर्नु पर्नेमा ४०% रहेको छ भने अभिभावकले सहयोग गर्नेमा २०% र विद्यालयको वातावरणमा सुधार ल्याउनेमा ३०% एवम् विद्यालयको भौतिक व्यवस्थापन गर्नेमा १०% रहेको छ ।

### ४.७.५ बालबालिकाहरुले बीचैमा पढाइ छाड्नुको मुख्य कारणहरु

तालिका २८


पढाइ छाड्नुका मुख्य कारणहरु

| क.सं. | कारणहरु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आर्थिक (गरिवी) | ५ | ५० |
| २ | घरको कामले फुर्सद नपाएर | २ | २० |
| ३ | चेतनाको कमी | २ | २० |
| ४ | पढ्न मन नगरेर | १ | १० |
| | जम्मा | १० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०६८

चित्र ८

पढाइ छाड्नुका मुख्य कारणहरु




माथिको तालिका अनुसार अध्यक्षहरुको भनाइका आधारमा सवैभ्नदा बढी आर्थिक (गरिवी) कारणमा ५०%, चेतनाको कमीमा २०%, घरको कामले फुर्सद नपाएरमा २०% र पढ्न मन नगरेरमा १०% बालबालिकाले बीचैमा विद्यालय छाडेको विवरण प्राप्त भएको छ ।

## ४.८ जिल्ला शिक्षा कार्यालयका स्रोतव्यक्ति तथा विद्यालय निरीक्षकहरुबाट प्राप्त नतिजा विवरण

आधारभूत तहको शिक्षा पूरा नगरी बीचैमा विद्यालय छाडेर घरमा बसीरहेका बालबालिकाहरुको अवस्था कस्तो छ ? उनीहरु किन बीचैमा विद्यालय छाड्न वाध्य भए ? विद्यालयको पठनपाठन कस्तो छ ? कस्तो, काहा, कुन खालको जिम्मेवारी वहन नगर्नाले बालबालिकाहरुले बीचैमा विद्यालय छाडेका हुन, सो को कारणहरुको नालीवेलीको खोजी नीति गर्न सम्बन्धित स्रोत केन्द्रमा स्रोतव्यक्ति, विद्यालय निरीक्षक सहित १० जना, वि.नि.

स्रोतव्यक्तिहरुसँग प्रश्नावलीको माध्यमबाट विद्यालय छाड्नका अवस्था एवम् कारणहरुको उत्तर माग गरेकोमा निम्नानुसारको नतिजा प्राप्त भएको छ ।

### ४.८.१ तपाईले अनुगमन गर्ने विद्यालयहरुबाट तथ्यांक पुरै सत्य तथ्य प्राप्त हुन सकेको छ

तालिका २९

तथ्यांकको सत्यता

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सहि किसिमले आउँछ | १ | १० |
| २ | ठिकै आउँछ | ५ | ५० |
| ३ | आंशिक रुपमा ठिक आउँछ | ३ | ३० |
| ४ | आउँदैन | १ | १० |
| | जम्मा | १० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०६८

माथि उल्लेखित तालिका अनुसार स्रोतव्यक्ति तथा वि.नि.का विचारमा समग्र रुपमा ठिकै तथ्याङ्क आउनेमा ५०%, आंशिक रुपमा ठिक आउनेमा ३०%, सहि किसिमले आउेनमा १०% एवम् नआउनेमा १०% रहेको छ ।

### ४.८.२ तपाईको स्रोतकेन्द्र अन्तरगतका बालबालिकाहरुले के कारणले विद्यालय छाड्ने गरेका छन् भन्ने सम्बन्धमा

तालिका ३०

विद्यालय छाड्नका कारणहरु

| क.सं. | कारणहरु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आर्थिक कारणले | ५ | ५० |
| २ | चेतनाको कमी | ३ | ३० |
| ३ | अभिभावको लापरवाही | १ | १० |
| ४ | विद्यालयको लापरवाही | १ | १० |
| | जम्मा | १० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०६८

माथिको तालिका अनुसार स्रोतव्यक्ति तथा वि.नि.का विचारमा सवैभन्दा बढी विद्यालय छाड्ने कारणमा अभिभावकहरुमा रहेको गरिवी, विपन्नता नै देखिन्छ जसमा ५०% रहेको छ । त्यस्तै चेतनाको कमीमा ३०%, अभिभावक र विद्यालयको लापरवाहीमा १०% रहेको छ ।

## ४.८.३ बीचैमा विद्यालय छाड्ने बालबालिकाहरुलाई विद्यालय छाड्नबाट रोक्ने उपायहरु

तालिका ३१

समस्या समाधानका उपायहरु

| क.सं. | उपायहरु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | व्यावसायिक एवम् प्राविधिक शिक्षा दिने | ३ | ३० |
| २ | शिक्षा नीतिलाई परिवर्तन गर्ने | १ | १० |
| ३ | गरिवी उन्मूलन गर्ने | ४ | ४० |
| ४ | शिक्षाले जनचाहना पूरा गर्ने | २ | २० |
| | जम्मा | १० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०६८

बीचैमा विद्यालय छाड्ने बालबालिकाहरुलाई रोक्न के गर्नु पर्दछ ? भन्ने प्रश्नको सर्न्दभमा स्रोत व्यक्ति तथा विद्यालय निरीक्षकज्यूहरुबाट सवैभन्दा वढी गरिवी उन्मूलन गर्नु पर्नेमा ४०%, व्यावसायिक एवम् प्राविधिक शिक्षा दिनु पर्नेमा ३०%, शिक्षाले जनचाहना पूरा गर्नु पर्नेमा २०% र शिक्षा नीतिलाई परिवर्तन गर्नु पर्नेमा १०% नतिजा प्राप्त भएको छ ।

### ४.८.४ बालबालिकाहरु अनुत्तीर्ण हुनुमा सवैभन्दा बढी जिम्मेवार को हुन्छ भन्ने सम्बन्धमा

बालबालिका अनुर्त्तीर्ण हुनुमा सवैभन्दा वढी जिम्मेवार को हुन सक्छ भनी सोधिएको प्रश्नमा आएका उत्तरहरु मध्ये साभ्रा उत्तरहरुलाई तल प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

तालिका ३२

अनुत्तीर्ण हुने कारण

| क.सं. | कारणहरु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | प्र.अ., शिक्षक | ५ | ५० |
| २ | अभिभावक | ३ | ३० |
| ३ | बालबालिका स्वयम् | २ | १० |
| ४ | स्रोतव्यक्ति/वि.नि. | - | - |

स्रोत : स्थलगत अध्ययन, २०६८

माथिको तालिका अनुसार स्रोतव्यक्ति तथा वि.नि.का विचारमा प्राप्त नतिजाको आधारमा हेर्दा बालबालिकाहरु अनुत्तीर्ण हुनुमा सवैभन्दा बढी प्र.अ. शिक्षकको भूमिकामा ५०%, अभिभावकको भूमिकामा ३०% र विद्यार्थीको स्वयम् भूमिकामा २०% रहेको देखिएको छ ।

### ४.८.५ विद्यार्थीलाई कक्षामा टिकाइ राख्ने उपायहरु के हुन सक्छन् ?

सरोकारवालाहरुसँग अनौपचारिक रुपमा विद्यार्थीलाई कक्षामा टिकाइ राख्ने उपायहरुको वारेमा छलफल गर्दा आएका धारणाहरुलाई बुँदा टिपोट गरी विश्लेषण गरिएको छ ।

विद्यार्थीहरुले आफूले कक्षा छाड्नु पर्ने मुल कारण घरको काम, आर्थिक अभाव, शिक्षकहरुको रुखो व्यवहार आदि भएकाले उक्त समस्याबाट मुक्त भए  आफू विद्यालय फर्कने धारणा व्यक्त गरेका छन् ।

विशेष गरेर खेतीपातीको समयमा विद्यार्थीलाई विदा दिए, किताव कपी पोशाकको विद्यालयले व्यवस्था गरे, व्यवसायीक विषय पठन पाठन भए, पर्याप्त छात्रवृत्तिको व्यवस्था भए, अंग्रेजी माध्यममा पठन पाठन भए, रोजगारीमूलक शिक्षा भए र शिक्षकहरु पेशाप्रति जिम्मेवार भए आफ्ना वालवच्चाहरु विद्यालय छाड्नु नपर्ने धारणा व्यक्त गरेका छन् ।

शिक्षक, प्र.अ. तथा स्थानीय वुद्धिजीवीहरुले विद्यार्थीलाई कक्षामा टिकाइ राख्न समयानुकूलको पाठ्यक्रम व्यवस्था गर्नु पर्ने, शिक्षकलाई प्रतिफलमूखी तालिम दिनु पर्ने, व्यावसायीक तथा प्राविधिक शिक्षकको व्यवस्था गर्नु पर्ने, आवश्यक शैक्षिक साधन र स्रोतको उपलब्ध गराउनु पर्ने, सेवा सुविधामा वृद्धि गर्नु पर्ने, विद्यालयलाई राजनीतिक हस्तक्षेपबाट मुक्त राख्नु पर्ने, अनुगमन प्रणाली औपचारिकतामा सिमित हुन नहुने, दण्ड र पुरस्कारको व्यवस्था प्रभावकारीताका साथ लागू गरिनु पर्ने, गरिव र विपन्न वर्गका बालबालिकालाई आर्थिक सहयोगको प्याकेज व्यवस्था गर्नु पर्ने र अभिभावक सवै भन्दा बढी सचेत र जिम्मेवार हुनु पर्ने धारणा व्यक्त गरेका छन् ।

स्रोतव्यक्ति, विद्यालय निरीक्षक, जि.शि.का. का कर्मचारीहरुका अनुसार शिक्षकहरुले आफूलाई बढी सक्रिय गराउनु पर्ने, राजनीतिमा भन्दा सेवा प्रति प्रतिवद्ध रहनु पर्ने, शैक्षिक नीतिमा परिवर्तन गर्नु पर्ने, विद्यालयलाई शान्ति क्षेत्र र राजनीति हस्तक्षेपमुक्त घोषणा मात्र नगरेर कार्यन्वयन समेत गर्नु पर्ने, रोजगारी मूलक प्राविधिक र व्यवसायमूलक पाठ्यक्रम निर्माण गर्नुपर्ने, गरिव तथा विपन्न बालबालिकाकालागि आवश्यक आर्थिक सहयोग गर्नु पर्ने, विद्यालयको शैक्षिक वातावरण वालमैत्री हुनु पर्ने, साना बालबालिकालाई खाजाको व्यवस्था गर्नु पर्ने र अभिभावकहरु बढी जिम्मेवार भए बालबालिकाले कक्षा छाडनु नपर्ने धारणा व्यक्त गरेका छन् ।

सरोकारवालाहरुको धारणालाई विश्लेषण गर्दा एकले अर्कालाई आरोप प्रत्यारोप लगाई समस्याको समाधान गर्ने तर्फ भन्दा पनि समस्या अर्काको काधमा थुपारेर आफू उम्कन खोजेको देखिन्छ । वास्तमा गुणस्तरिय शिक्षाका लागि उल्लेखित सवै पक्षको समान सक्रियता, मेहेनत तथा क्रियाशिलताको खाचो पर्दछ । परिवर्तित समय अनुसार विश्वमै प्रतिस्पर्धा गर्न सक्ने नागरिक निर्माण गर्न राज्यले सो अनुसारको पाठ्यक्रम निर्माण गरि लागु गर्नु पर्ने देखिन्छ । शिक्षक, विद्यार्थी र अभिभावक सवै आ-आफ्नो भूमिका र जिम्मेवारी पूर्ण रुपले पालना गर्ने हो भने समस्याको समाधान त्यही हुने देखिन्छ । बालबालिकालाई पढ्र मेरो भविष्य सुरक्षित छ, रोजगार प्राप्त गर्न सक्छु भन्ने व्यवसाय तथा प्रविधिसँग सम्बन्धित विषयमा जोड दिदै सवैको मनोवल उच्च राख्नु पर्ने देखिन्छ । विद्यालय क्षेत्रलाई शान्ती क्षेत्र र राजनीति हस्तक्षेप मुक्त क्षेत्र घोषणा गरी कायन्वयन समेत आँट गर्नु सवै भन्दा महत्वपूर्ण कदम देखिन्छ ।

# परिच्छेद पाँच

# प्राप्ति, निष्कर्ष तथा सुझावहरु

## ५.१ प्राप्ति

विकासको महत्वपूर्ण मेरुदण्ड शिक्षा हो । शिक्षाले नै मानव जीवनलाई स्वावलम्बी, गुणी र सार्थक बनाउँछ । शिक्षा समाजको आवश्यकता परिपूर्तिको साधन तथा विकासको मार्गदर्शक पनि हो । यसैलाई मध्यनजर राखी गौरादह स्रोतकेन्द्र अन्तरगत रहेका बालबालिकाहरुले बीचैमा विद्यालय छाड्ने अवस्था पत्ता लगाउन र कक्षा छाड्ने दर घटाउन उक्त स्रोतकेन्द्रमा भएका प्रयासहरुको मूल्याङ्कन गर्दै बीचैमा कक्षा छाड्ने कारणहरुको अध्ययन, अनुसन्धान एवम् विश्लेषणबाट प्राप्त भएका कुराहरुको आधारमा वर्गीकरण गरी यसका परिणामहरु तल उल्लेख गरिएको छ ।

कमजोर आर्थिक स्थिति एवम् विपन्नताको कारणले गर्दा अधिकांश बालबालिकाहरुले बीचैमा कक्षा छाड्ने गरेकाछन् । बालबालिकाहरुले विद्यालय छाड्नेमा शिक्षक, प्र.अ.हरुको भनाई अनुसार आर्थिक कारण ५०%, सामाजिक कारणमा २०%, पढ्न मन नलागेरमा २०% एवम् चेतनाको कमीमा १०% बालवालिकाहरुले बीचैमा कक्षा छाड्ने गरेको पाइएको छ । आधारभूत तहको अध्ययन पूरा नै नगरी बीचैमा बालबालिकाहरुले किन विद्यालय छाड्दछन् भन्ने सम्बन्धमा अभिभावकहरुबाट गरिवीको कारणले ५०%, घर व्यवहारले २०%, सामाजिक सांस्कृतिक चलनले १०%, चेतनाको कमीमा २०% ले कक्षा छाड्ने गरेको हो भन्ने कुरामा जोड दिइएको पाइयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु एवम् शिक्षक अभिभावक संघका अध्यक्षहरुको विचारमा वीचमा विद्यालय छाड्ने कारणहरुमा गरिवीमा ५०%, घरको कामको कारणले २०%, अभिभावकमा चेतनाको कमीको कारणले २०%, शिक्षक प्र.अ.को कारणले १०% रहेको देखिन्छ । छात्र छात्राहरुकै भनाइको आधारमा बीचैमा विद्यालय छाड्ने कारणहरुमा पैसाको अभावले ६०%, घरको कामले २०%, साथीभाईको संगतले १०%, पढ्न मन नलागेरमा १०% रहेको वताएका छन् ।

निरन्तर रुपमा विद्यालयहरुको निरीक्षण अनुगमन गर्ने जिम्मेवारी पाएका स्रोतव्यक्ति/वि.नि.हरु समक्ष बीचैमा बालबालिकाहरुले विद्यालय छाड्ने कारणहरुको उत्तरको आधारमा आर्थिक कारणले ५०%, चेतनाको कमीले ३०%, अभिभावकमा १०% र विद्यालयको लापरवाहीमा १०% रहेको पाइन्छ ।

बीचैमा विद्यालय छोडी बसेका बालबालिकाहरुले के गरेर दिन विताउँछन् भनी अभिभावकहरुसँग सोधिएको प्रश्नको उत्तरमा खेतीपाती गरेर ४०%, घरधन्दा गरेर ३०%, सानो व्यापार गरेर २०%, खेलेर १०% ले आफ्नो विचार राखेको पाइयो । बीचैमा विद्यालय छाड्ने समस्याको समाधानको उपायहरु के के हुन सक्छन् भनी अभिभावकहरुसँग सोधिएकोमा ५०% ले गरिवीउन्मूलन गर्नु पर्ने कुरा राखेको पाइयो । बीचैमा विद्यालय छाड्ने बालबालिकाहरुसँग तिम्रा साथीहरु विद्यालय जाँदा तिमी के गरेर दिन विताउँछौ, भनी सोधिएको प्रश्नमा विद्यार्थीहरुद्वारा घाँस काट्ने, गाई हेर्नेमा ३०%, घरको काम गर्ने २०%, भाइ वैनी हेर्न १५%, ज्याला मजदुरी गर्नेमा ३५% ले आफ्नो विचार राखेको पाइयो । यसै गरी बालबालिकाहरुलाई पुनः विद्यालयमा फर्काउन के गर्नु पर्ला भनी सोधिएको प्रश्नमा आर्थिक सहयोगमा ६०%, व्यावसायिक एवम् प्राविधिक शिक्षामा जोड दिनेमा २०%, अभिभावकहरुलाई सम्झाउनेमा १०%, सामाजिक कुसंस्कार हटाउनेमा १०% रहेको पाइयो ।

बालबालिकाहरुलाई पुनः विद्यालय फर्काउनमा अध्यक्ष ज्यूहरुको राय वुझ्दा आर्थिक सहयोग गर्नु पर्नेमा ४५%, विद्यालयको वातावरण सुधार गर्नु पर्नेमा २५%, अभिभावकले हेरचाह गर्नु पर्नेमा २०%, विद्यालयको भौतिक व्यवस्थापन गर्नु पर्नेमा १०% ले आफ्नो विचार राखेको पाइएको छ । बीचैमा विद्यालय छाड्नु परेका आर्थिक पक्षसँग सम्बन्धित कारणहरुमा गरिवी, विपन्नता, कापी, कलम किन्न नसक्नु, परीक्षा शुल्क तिर्न नसक्नु, आर्थिक आय आर्जनमा लाग्नु पर्ने, साथी सरह खर्च गर्न नसकेर, विद्यालयबाट वितरण गर्ने आर्थिक सहायतामा पक्षपात भएर जस्ता कारणले प्रभाव पारेको देखिएको छ ।

बीचैमा विद्यालय छाड्नुका शैक्षिक पक्षसँग सम्बन्धित कारणहरुम परीक्षामा अनुत्तीर्ण हुनु, विद्यालयको पठन पाठन राम्ररी नहुनु, शिक्षकले रुखो व्यवहार गर्ने, मूल्याङ्कन तथा पक्षपात गर्ने एवम् परीक्षा दिने अवसर नपाउनले बीचैमा विद्यालय छाड्नु परेको कुरा उल्लेख गरिएको छ। चेतनाको कारणले एवम् साथीसंगीको कुलतबाट प्रभावित भएर कक्षा छाड्नु परेको देखिएको छ ।

## ५.२ निष्कर्ष

नेपाल एक हिमाल, पहाड र तराई समेत मिली बनेको एक सुन्दर राष्ट्र हो । यहाँ अनेकौं भौगोलिक विकटता, यातायातको अभाव, गरिवी, जनचेतनाको अभाव, विद्यालयका सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्न नसक्नु, सामाजिक कुसंस्कार लगायतका थुप्रै विकराल समस्याहरु छन् । यी समस्याहरुलाई क्रमशः किनारा लगाउँदै शिक्षाको माध्यमबाट देश विकास गर्न शिक्षामा सवैभन्दा बढी कुल राष्ट्रिय वजेटको करिव १५% खर्च गरेको छ । सन् २०१५ सालसम्ममा विद्यालय वाहिर रहेका सवै बालबालिकाहरुलाई शिक्षाको पहुँचमा पुऱ्याउने प्रतिवद्धता जाहेर सरकारले गरेको छ तर पनि माथि उल्लेखित विभिन्न कारणले गर्दा देशले जाहेर गरेको त्यो प्रतिवद्धता अनुरुपको उपलब्धि पाउन सकिरहेको छैन ।

"सवैका लागि शिक्षा" भन्ने नारालाई साकार गर्न शिक्षा क्षेत्रमा निकै प्राथमिकता दिइएता पनि आधारभूत तहमा बीचैमा कक्षा छाड्ने दर, कक्षा दोहोऱ्याउने दर उच्च रहेको छ भने, उत्तीर्ण दर भने न्यून रहेको देखिन्छ । यस अध्ययन क्षेत्रका पनि छात्राहरुको भर्ना दर छात्रको तुलनामा बढी पाइएको छ । यो सकारात्मक कदम हो तथापि पनि ५०% छात्रालाई छात्रवृत्ति उपलब्ध गराउने सरकारको प्रतिवद्धताको बावजुत पनि ३५% छात्राहरुलाई मात्र छात्रवृत्तिको रकम उपलब्ध गराएको जिल्ला शिक्षा कार्यालय झापाबाट देखिन्छ । यसरी सवै छात्राहरुलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्ने र विपन्न वर्गका छात्रहरुलाई प्याकेज कार्यक्रम ल्याई उनीहरुलाई विद्यालय शिक्षा प्रति आकर्षित गराउनु पर्ने देखिन्छ । यसरी गौरादह स्रोतकेन्द्रका बालबालिकाहरुको अवस्था कस्तो छ ? बीचैमा पढाइ छाड्नु पर्ने कारणहरु के के छन् ? समस्या समाधानका उपायहरु के के छन् ? कसरी त्यसलाई समाधानगर्न सकिन्छ ? आदि प्रश्नहरुको उत्तर सरोकारवालाहरुबाट प्राप्त गर्न यो अध्ययन गरिएको हो । यस अध्ययनबाट प्राप्त तथ्यहरुको आधारमा छात्राछात्रहरुले बीचैमा पढाइ छाड्नुमा गरिवी, विपन्नता, कापी कलम किन्न नसक्नु, छात्रवृत्ति नपाउनु, विद्यालयको पठनपाठन गर्ने समयमा आय आर्जनको काममा जानु पर्ने, चेतनाको कमी, सामाजिक कुसंस्कार, खेतीपाती लगायत घरको काममा सहयोग पुऱ्याउनु पर्ने, घरमा भाइवैनी हेर्नु पर्ने, विद्यालयको उचित व्यवस्थापनको अभाव भएको, पठन पाठन प्रभावकारी हुन नसकेको, शैक्षिक नीति निरीक्षण प्रणालीमा कमजोरी लगायत समग्र रुपमा विद्यालय र घरको वातावरण अनुकूल नभएको आदि कमजोरी रहेको पाइएकाले आवश्यक कदम चाल्नु पर्ने देखिन्छ ।

माथि उल्लेखित समस्याहरुलाई यस स्रोतकेन्द्रका सामुदायिक नि.मा.वि. विद्यालयहरुलाई मुक्त गर्न सर्वप्रथम गरिवी निवारणका कार्यक्रम सञ्चालन गर्नु पर्ने, छात्राहरुलाई हालको ५०% छात्रवृत्ति (व्यवहारमा ३५%) बाट सवै छात्राहरुलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्ने, परम्परागत सामाजिक कुसंस्कार चेतनाको कमी लगायतका समस्याहरुलाई समाधान गर्न सरोकारवालाहरुलाई क्षमता अभिवृद्धि गर्ने खालका तालिम गोष्ठी, सेमीनार, घरदैलो कार्यक्रम, आमासमूह मार्फत जागरण अभियान कार्यक्रम सञ्चालन गर्नु पर्ने, घरको र विद्यालयको पठन पाठनको वातारण अनुकूल हुनु पर्ने, बालबालिकाहरुलाई घरको काम, खेतीपातीमा सहयोग पुऱ्याउने, गाई वाखा हेर्ने जस्ता कामबाट टाढा राखेर उचित शिक्षा दिक्षा दिनु पर्ने देखिन्छ । सवैभन्दा खड्केको विषय निरीक्षण अनुगमन प्रणाली प्रभावकारी हुनु पर्ने नियमित रुपमा निरीक्षण अनुगमन गरी सोको प्रतिवेदन मासिक रुपमा जिल्ला शिक्षा कार्यालयमा पेश गर्नु पर्ने शिक्षा क्षेत्रमा राजनैतिक हस्तक्षेप हटाउनु पर्ने, शिक्षक/शिक्षिकाहरुले आफूले तालिमबाट सिकेका सीपहरुलाई विद्यालयमा गएर प्रयोग गरे गरेनन्, सोको सुपरिवेक्षणबाट निरन्तर मूल्याङ्कन र अनुगमन गर्नु पर्ने आदि निष्कर्ष निकालिएको छ । यसरी उपरोक्त अनुसारका प्रकृया अवलम्वन गरिएमा बालबालिकाहरुको विद्यालय छाड्ने दर घट्ने देखिन्छ ।

## ५.३ सुझाव तथा सिफारिसहरु

यस शोधकार्यको अध्ययनबाट प्राप्त नतिजाको आधारमा स्थानिय तहदेखि मन्त्रालय र राष्ट्रिय योजना आयोगको तहसम्मका लागि विभिन्न सुझावहरु प्रस्तुत गरिएको छ । बीचैमा विद्यालय छोड्नबाट रोक्न, प्रधानाध्यापकहरु, शिक्षकहरु, विद्यालय व्यवस्थापन समिति, शिक्षक वर्ग, अभिभावक संघ, अभिभावक स्वयम् विद्यार्थी, जिल्ला शिक्षा कार्यालय, जिल्ला विकास समिति, क्षेत्रिय शिक्षा निर्देशनालय, शिक्षा विभाग, शिक्षा मन्त्रालय, राष्ट्रिय योजना आयोग, आदि नीति निर्माण गर्ने तहदेखि कार्यान्वयन गर्ने निकाय स्थानीय निकायसम्मका लागि आवश्यक सुझावहरु प्रस्तुत गरिएको छ ।

क) नीति निर्माता

नेपालको वर्तमान शिक्षा सैद्धान्तिक विषयमा जोड दिने प्रकृतिको छ । भविष्यमा पढेर आत्म निर्भर हुने सम्भावना अत्यन्त न्यून देखिन्छ । देशमा शिक्षित वेरोजगारको संख्या दिन प्रतिदिन वढ्नुको मूल कारण शिक्षा विशेष गरेर व्यवसायिक तथा प्राविधिक क्षेत्रसँग तालमेल नभएकाले हो भन्ने धारणा व्यक्त गर्ने अधिकांश अभिभावक, विद्यार्थी तथा सरोकारवालाहरुको पाइयो । तसर्थ पढाइ प्रति टिकाई राख्न वर्तमान शिक्षा नीतिमा आमूल परिवर्तन गरी शिक्षाको विद्यालय तह पूरा गरे पश्चात विद्यार्थीले जीवनयापन गर्नका लागि सहजता प्रदान गर्न सकोस । शिक्षासँग सम्बन्धित प्रमुख पक्ष शिक्षक, विद्यार्थी र अभिभावकका समस्याहरु सुक्ष्म अध्ययन गरी समाधान गर्ने तर्फ राज्यले तत्परता देखाउनु पर्ने देखिन्छ । विद्यालयमा शिक्षकहरु अधिकतम अस्थायी कार्यरत रहनु, शिक्षकहरुको नियुक्तीमा फरकपना देखिनु, राजनीतिक हस्तक्षेप हुनु, सेवा सुविधा पर्याप्त नहुनु तथा अभिभावकहरुबाट सकारात्मक सहयोग नपाउनाले अपेक्षित उपलब्धी हासिल हुन नसकेको गुनासोलाई सम्वोधन गर्नु पर्ने देखिन्छ । यसै गरी फितलो अनुगमन प्रकृयालाई जीवन्नता दिनु पर्ने देखिन्छ । व्यवसायिक तथा प्राविधिक शिक्षामा जोड दिनु पर्ने देखिन्छ । गरिव तथा विपन्न अभिभावकहरुलाई आर्थिक सहयोगको व्यवस्था गर्नु पर्ने देखिन्छ । विद्यालयलाई शान्ति क्षेत्र र राजनीति हस्तक्षेप मुक्त क्षेत्र घोषणामा मात्र सिमीत नराखी व्यवहारमा कार्यान्वयन गर्नु पर्ने देखिन्छ ।

ख) अभिभावक

ग्रामिण क्षेत्रका अभिभावकहरुको गरिवी निवारणका लागि आय आर्जनसँग सम्बन्धित कार्यक्रमहरुलाई प्रभावकारी रुपमा लागू गर्नु पर्दछ । प्रौढ कक्षा, महिला शिक्षा प्रथम र दोस्रो जस्ता अनौपचारिक शिक्षा कार्यक्रमहरु सञ्चालन गरी अभिभावकलाई साक्षर बनाउनु आजको आवश्यकता भएको छ । छोरा र छोरी प्रतिको विभेदको भावनालाई जरैदेखि उखेल्नु पर्ने र अभिभावक वर्गमा शिक्षाको महत्व वारे जनचेतना अभिवृद्धि गर्ने गराउने खालका कार्यक्रमहरु ल्याउनु पर्दछ ।

ग) बालबालिका

घरायसी कामको बोझको कारणले नियमित रुपमा विद्यालय आउन नसक्नेहरुका लागि अतिरिक्त कक्षाको व्यवस्था गर्नु पर्दछ । आधारभूत तहका सवै छात्राहरुलाई छात्रवृत्ति, पोशाक, पाठय सामग्रीहरु उपलब्ध गराउनु पर्दछ । परीक्षामा राम्रो नतिजा ल्याउने बालबालिकाहरुलाई प्रशंसा तथा पुरस्कारको व्यवस्था मिलाउनु पर्दछ । पाठ अनुसारको आवश्यक शैक्षिक सामग्रीको प्रयोग गर्दै नियमित र आकर्षण पठन पाठनमा जोड दिनु पर्दछ । आधारभूत तह निःशुल्क भए पनि कुनै न कुनै वहानामा लिइने शुल्क पूर्ण रुपबाट हटाउनु पर्दछ । विद्यार्थीहरुले बीचैमा विद्यालय छाड्ने कारणहरु पत्ता लगाई समयमै त्यस तर्फ निगरानी राख्नु पर्दछ ।

घ) प्र.अ. र शिक्षक

नियमित रुपमा र तोकिएको समयमा विद्यालयमा आउने र जाने गर्नु शिक्षकको महत्वपूर्ण कर्तव्य भित्र पर्दछ । तालिममा सिकेका सीपहरुलाई कक्षा कोठा भित्र प्रभावकारी रुपमा प्रयोगलाई, विद्यालय सुधार योजना निर्माण गरी सो को आधारमा देखिएका समस्याहरुको समाधानमा सहयोग पुऱ्याउनु शिक्षक र प्र.अ. को दायित्व हो । विद्यालयको उत्तीर्ण दर कक्षा छाड्ने र दोहोऱ्याउने दर जस्ता शैक्षिक सूचकहरु तयार गरी सो को आधारमा समस्या समाधानको लागि पहल समेत गर्नु पर्ने हुन्छ । बालबालिकाहरु नियमित रुपमा उपस्थित नभएका, अभिभावक स्वयम् बालबालिकाहरु साथी सँगीसँग विद्यालय नआउनको कारण बुझी पत्ता लगाई समयमै यस समस्याको समाधान गर्न पहल गर्नु पर्ने हुन्छ ।

ङ) अनुसन्धानकर्ता

यो अध्ययन झापा जिल्ला गौरादह स्रोतकेन्द्र अन्तरगत पर्ने ४ वटा निम्न माध्यमिक विद्यालयहरुमा सिमित रहेकोले अरु विद्यालयलाई लिएर अध्ययन गर्न उपयुक्त हुन्छ ।यो अध्ययन बीचैमा कक्षा छाड्ने समस्यासँग सम्बन्धित प्र.अ., शिक्षक, अभिभावक, अध्यक्ष, विद्यार्थी, स्रोतव्यक्ति, वि.नि. बाट प्राप्त उत्तरका आधारमा भएकोले यस विषयसँग सरोकार राख्ने सामाजिक कार्यकर्ता, गैरसरकारी संस्था, शिक्षा प्रशासन, राजनीतिक व्यक्ति आदि सहभागी गराइएमा अध्ययन बढी नतिजा उन्मुख हुन सक्दछ । यो शोधकार्य आधारभूत

तहमा मात्र सीमित रहेकाले माध्यमिक तहका विद्यालयहरुमा पनि यस्तो किसिमको अध्ययन गर्न सकेमा यसको प्रभवकारिता अरु बढ्ने थियो । यो अध्ययन Sampling method मा आधारित भएकोले सवै विद्यालयहरुको अध्ययन विश्लेषण गर्न सकिएको छैन । सवै विद्यालयहरुको अध्ययन सर्भेक्षण गरी सोको नतिजाको आधारामा व्याख्या विश्लेषण गर्न सकेमा अझ वढी प्रतिनिधित्व तथा विश्लेषण हुन सक्छ ।

### च) अन्य सुझावहरु

गरिवी निवारणका कार्यक्रम ग्रामीण स्तरमा सञ्चालन गरी विद्यालयका सरोकारवालाहरुको लागि सचेतना कार्यक्रम सञ्चालन गर्नु, समाजमा व्याप्त अशिक्षा र गरिवी हटाउनु, आजको आवश्यकता हो । विद्यालयको भौतिक सुविधाको सुधार गर्नु पर्ने, वर्तमान निरीक्षण प्रणालीमा सुधार गर्नु पर्ने, बालबालिकाहरुको लागि रुची अनुसार वालमैत्रीपूर्ण शिक्षण सिकाई कृयाकलाप सञ्चालन गर्नुपर्ने देखिन्छ । साथै सवै शिक्षकहरुलाई अनिवार्य रुपमा तालिम दिई शैक्षिक गुणस्तर वृद्धि गर्नमा महत्वपूर्ण सहयोग पुऱ्याउनु पर्ने आवश्यकता देखिन्छ ।

## सन्दर्भ सामग्री


काफ्ले, वासुदेव तथा अन्य (२०६१), *शैक्षिक प्रविविध र अनौपचारिक शिक्षा,* काठमाण्डौ : विद्यार्थी प्रकाशन प्रा.लि. कमलपोखरी

कोइराला, विधानाथ र अन्य (२०५७), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार* काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार

खनाल, कल्पना (२०६२), *विशेष लक्षित समूहको लागि शिक्षा,* भक्तपुर : शिक्षा विभाग महिला शिक्षा शाखा, सम्पादक पुण्यप्रसाद न्यौपानेद्वारा सम्पादित

पोखरेल, भेषराज (२०६१), *जुम्ला जिल्लामा प्राथमिक तहका छात्राहरुले बीचैमा विद्यालय छाड्नुका कारणहरु एक अध्ययन,* त्रि.वि.वि. शिक्षा शास्त्र संकाय, किर्तिपुर : अप्रकाशित शोधपत्र

दशौं पञ्चवर्षिय योजना (२०५९-२०६४), राष्ट्रिय योजना आयोगको सचिवालय, काठमाण्डौ

नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्र (२०५७), *शिक्षा पत्रिका* सानोठिमी, भक्तपुर : प्रधान सम्पादक, शिवप्रसाद सत्यालद्वारा सम्पादित

नेपाल सरकार, शिक्षा मन्त्रालय, शिक्षा विभाग (२०६४) *नेपालमा शिक्षा योजना,* भक्तपुर

भण्डारी, भरत (२०६०), *लमजुङ्ग जिल्लाको माध्यमिक तहमा बीचैम पढाइ छाड्ने दर त्यसका कारणहरु एक अध्ययन,* शिक्षा शास्त्र संकाय, किर्तिपुर : अप्रकाशित शोधपत्र

शर्मा, गोपिनाथ (२०६३), *नेपालमा शैक्षिक प्रशसनको विकास,* काठमाण्डौ : मकालु बुक्स एण्ड स्टेशनर्स, पुतलीसडक

शर्मा, शिवाकोटी (२०६२)। *झापा जिल्लाको प्राथमिक विद्यालयमा दलित विद्यार्थीहरुको विद्यालय छाड्ने कारणहरुको एक अध्ययन,* त्रि.वि.वि. शिक्षा शास्त्र संकाय, महेन्द्र रत्न क्याम्पस, ताहाचल, अप्रकाशित शोधपत्र

नेपाल सरकार, शिक्षा मन्त्रालय (२०६७), शिक्षा नियमावली २०४९ (संशोधन सहित) काठमाण्डौ : जनजागृती प्रकासन

नेपाल सरकार, शिक्षा मन्त्रालय, शिक्षा विभाग (२०६७), नेपालमा शिक्षा योजना, भक्तपुर

## अनुसूची-१

## अनुरोध पत्र

मिति : .....................

श्रीमान प्रधानाध्यापक ज्यू,

श्री ..........................................

विषय : **तथ्याङ्क उपलब्ध गराई सहयोग गरि दिनु हुन**

उपरोक्त सम्बन्धमा स्नातकोत्तर तह एम.एड. द्वितीय वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको आंशिक आवश्यकता परिपूर्तिका लागि **आधारभूत तहका विद्यार्थीहरुले कक्षा छाड्नाका कारणहरु** शिर्षकमा शोध पत्र तयार गर्नु पर्ने भएकाले तपाईको विद्यालय नमूना छनौटमा परेको सहर्ष जानकारी गराउँदै आवश्यक तथ्याङ्क उपलब्ध गराई सहयोग गरि दिनु हुन सादर अनुरोध छ ।

बद्री कार्की

परीक्षा रोल नं. २०४०००५

कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा, झापा

## अनुसूची-२

**आधारभूत तहका विद्यार्थीहरुले कक्षा छाड्नाका कारणहरु**

अभिभावककालागि प्रश्नावली

अभिभावकको नार थर :

शैक्षिक योग्यता : पेशा : ठेगाना :

यो प्रश्नावली भर्दा वैकल्पिक उत्तर मध्ये बढी उपयुक्त लागेको विकल्पमा ठिक चिन्ह लगाई दिनु र राम्रो सुझाव दिनु पर्नेमा सोही अनुसार लेखिदिनु हुनेछ ।

१. तपाईको छोराछोरी कति छन् ?

क. १ जना ख. २ जना ग. ३ जना घ. ४ जना र सो भन्दा बढी

२. बालबालिकाहरुले के कारणले विद्यालय छाड्छन् ?

..................................................................................................

३. विचैमा विद्यालय छाडेर वसेका बालबालिकाले के गरेर दिन विताउँछन् ?

क. खेलेर ख. सानो व्यापार गरेर ग. घरधन्दा गरेर घ. खेतीपाती गरेर ङ. अन्य

४. बीचैमा विद्यालय छाड्ने बालबालिकाहरुमा छोरा र छोरी कस्को संख्या बढी छ ?

क. छोराको ख. छोरीको ग. वरावरी घ. थाहा छैन

५. बीचैमा पढाइ छाडेका बालबालिकाहरुलाई विद्यालयमा फर्काउन के गर्नु पर्ला ?

..............................................................................................

६. बालबालिकाहरु बीचैमा विद्यालय छाड्नमा को जिम्मेवार छ ?

क. शिक्षक ख. अभिभावक ग. समुदाय घ. विद्यालय

७. तपाईको विचारमा बालबालिकाले किन विचैमा पढाइ छाड्छन् ?

क. गरिवीको कारणले ख. घर व्यवहारले ग. अभिभावकमा चेतनाको कमी

८. बालबालिकाहरुको विचैमा कक्षा छाड्ने समस्याहरुको समाधान गर्ने उपायहरु के हुन सक्दछन् ?

.......................................................................................

९. तपाईको बालबालिकाले विद्यालय छाड्दा विद्यालय पठाउनुको सट्टा घरमा काम गर्न लगाउनुको कारण के हो ?

क. गरिवी ख. मजदुरी गर्न लानलाई ग. घरमा भाइवैनी हेर्न घ. पोशाक नभएर

१०. अभिभावकको नाताले तपाईको आफ्नो बालबालिकाले बीचैमा कक्षा छाडेकोमा कसलाई दोष दिनु हुन्छ ?

क. शिक्षक ख. अभिभावक ग. समुदाय घ. साथीसंगी

# अनुसूची-३

## आधारभूत तहका विद्यार्थीहरुले कक्षा छाड्नाका कारणहरु

बालबालिकाकालागि प्रश्नावली

नाम : ठेगाना : छाडेको कक्षा :

विद्यालयको नाम :

१. तिम्रो घर कहाँ हो ?

.............................................................

२. तिमी कति कक्षामा पढ्दा विचैमा विद्यालय छाडेको हो ?

क. कक्षा १ ख. कक्षा २ ग. कक्षा ३ घ. कक्षा ४ ङ. कक्षा ५

३. विचैमा पढाइ छाड्नुको कुख्य कारण के हो ?

क. घरको कामले गर्दा ख. पैसाको अभावले

घ. पढन मन नलागेर घ. साथीभाइको कर कापले

४. पढाइ छाड्नु परेकोमा कस्तो अनुभव गर्दछौं ?

क. दुःखी छु ख. खुसी छु ग. थाहा छैन

५. तिमीलाई पढन कसैले सहयोग गऱ्यो भने पढ्छौं ?

क. पढ्छु ख. पढ्दिन ग. थाहा छैन

६. साथीभाईहरु पढ्न जाँदा तिमीलाई नि स्कूल जान मन लाग्दछ ?

क. लाग्छ ख. लाग्दैन ग. थाहा छैन

७. साथीहरु विद्यालय पढ्न जाँदा तिमी घरमा के गरेर दिन विताउँछौं ?

क. घाँस काट्ने गाई हुर्ने ख. घरको काम गर्ने

ग. भाईवैनी हेर्ने घ. ज्याला मजदुरी गर्न जाने

८. तिमीलाई पढाएको शिक्षक शिक्षिकालाई भेट्दा के भन्दछौं ?

क. फेरी पढन आउ भन्न्छु ख. वास्ता गर्दिन ग. केही नभन्ने

९. तिमी जस्तै बीचैमा पढाई छाड्ने तिम्रो साथीलाई के सल्लाह दिन्छौं ?

क. पढ्न जाने सल्लाह दिन्छु ख. पढ्न नजाने सल्लाह दिन्छु ग. केही भन्दिन

१०. तिमीलाई फेरी विद्यालयमा पुनः पढ्न जान के गर्नु पर्ला :

क. अभिभावकलाई सम्झाउनु पर्छ ख. आर्थिक सहयोग गर्नुपर्दछ

ग. व्यवसायिक शिक्षा दिनु पर्दछ घ. विद्यमान सामाजिक कुसंस्कार हटाउनु पर्छ

# अनुसूची-४

## आधारभूत तहका विद्यार्थीहरुले कक्षा छाड्नाका कारणहरु

सरोकारवालकालागि प्रश्नावली

विद्यालयको नाम : ठेगाना :

नाम :

१. तपाई विद्यालय कत्तिको आउनु हुन्छ ? ..........................................................

२. बीचैमा पढाई छाड्नेलाई रोक्न के गर्नु पर्दछ ? ....................................

३. बालबालिकाले बीचैमा विद्यालय छाड्नुमा सवैभन्दा वढी जिम्मेवार को हो ?

क. प्र.अ. ख. शिक्षक ग. अभिभावक घ. समुदाय

४. बालबालिकाहरुले किन बीचैमा पढाई छाड्छन् ?

क. गरिवीको कारणले ख. घरको कामले

ग. अभिभावकमा चेतनाको कमी घ. शिक्षक प्र.अ. को करणले

५. विद्यार्थी अनुत्तिर्ण हुनुमा सवैभन्दा बढी जिम्मेवार को हुन्छ ?

क. शिक्षक र प्र.अ. ख. विद्यार्थी स्वयं ग. अभिभावक घ. विद्यालय व्यवस्थापन समिति

६. बीचैमा पढाई छाडेका बालबालिकाहरुलाई विद्यालयमा फर्काउन के गर्नु पर्दछ ?

क. अभिभावकले हेरचाह गर्ने ख. विद्यालयको वातावरण सुधार ल्याउने

ग. आर्थिक सहयोग गर्ने घ. विद्यालयको भौतिक व्यवस्थापन गर्ने

ङ. अन्य

७. सवैभन्दा बढी विद्यार्थी कुन कक्षाबाट विद्यालय छाड्दछन् ?

क. कक्षा १ ख. कक्षा २ ग. कक्षा ३ घ. कक्षा ४ भन्दा बढी

८. बालबालिकाहरुले बीचैमा पढाइ छाड्नुको मुख्य कारण के हो ?

..........................................................................

९.विद्यालयको जिम्मेवार व्यक्तिका नाताले बालबालिकाले बीचैमा कक्षा छाड्नुमा कसलाई दोषी ठान्नु हुन्छ ?

क. शिक्षक ख. अभिभावक ग. समुदाय घ. साथीसँगी

१०. विद्यालयमा छात्रा छात्रको सहभागिता बढाउन र बीचैमा पढाइ छाड्ने छात्राछात्रलाई केही सुझाव दिनुहोस् । ........................................................

# अनुसूची-५

## आधारभूत तहका विद्यार्थीहरुले कक्षा छाड्नाका कारणहरु

प्र.अ. तथा  शिक्षककालागि प्रश्नावली

विद्यालयको नाम :                                                        ठेगाना :

प्र.अ. तथा  शिक्षक/शिक्षिकाको नाम :

शिक्षण अनुभव वर्ष :                                 शैक्षिक योग्यता :

१. तपाई कति वर्षदेखि शिक्षण पेसा गर्दै आउनु भएको छ ?

क. १        ख. २        ग. ३        घ. ४ वर्ष र सो भन्दा बढी

२. सवैभन्दा बढी बीचैमा विद्यालय छाड्ने कक्षा कुन हो ?

क. कक्षा १    ख. कक्षा २    ग. कक्षा ३    घ. कक्षा ४ वा सो भन्दा माथि

३. छात्रा छात्रहरुले बीचैमा पडाइ छाड्नुमा प्रमुख जिम्मेवार कस्को देख्नुहुन्छ ?

क. विद्यालय        ख. समुदाय        ग. अभिभावक        घ. शिक्षक

४. विद्यार्थीहरुले बीचैमा कक्षा छाड्ने मुख्य कारण के हो ?

क. आर्थिक कारण   ख. सामाजिक कारण   ग. पढन मन नगरेर घ. चेतनाको कमी

५. बीचैमा पढाई छाडेका बालबालिकाहरुलाई विद्यालयमा फर्काउन के गर्नुहुन्छ ?

..............................................................

६. बीचैमा पढाई छोडी वसेका छात्राछात्रहरुले के गरेर दिन विताउँछन् ?

..............................................................

७. बीचैमा कक्षा छाड्नेमा कस्को संख्या बढी छ ?

क. छात्राको        ख. छात्रको        ग. वरावरी

८. कुन कक्षामा वढी विद्यार्थी अनुतिर्ण हुन्छन् ?

क. कक्षा १        ख. कक्षा २        ग. कक्षा ३    घ. कक्षा ४ भन्दा माथी

९. तपाईलाई पढाउन कठिन लाग्ने विषय कुन हो ?

क. सामाजिक        ख. गणित        ग. अंग्रेजी        घ. नेपाली

१०. तपाईको विद्यालयमा सवैभन्दा बढी अनुतिर्ण हुने विषय कुन हो ?

क. सामाजिक        ख. गणित        ग. अंग्रेजी        घ. नेपाली

# अनुसूची-६

## आधारभूत तहका विद्यार्थीहरुले कक्षा छाड्नाका कारणहरु

जिल्ला शिक्षा कार्यालय स्रोतब्यक्ति, विद्यालय निरीक्षक तथा कर्मचारीकालागि प्रश्नावली

नाम थर : ..............................................

१) तपाइ कति वर्ष देखि श्रोत ब्यक्तिको रुपमा काम गरिरहनु भएको छ ?

(क) १ वर्ष (ख) २ वर्ष (ग) ३ वर्ष (घ) ४ वर्ष वा सो भन्दा माथि

२) तपाइको श्रोत केन्द्र अन्तर्गत कतिवटा गा. वि.स. हरु छन ?

(क) २ (ख) ३ (ग) ४ (घ) ५ वा सो भन्दा माथि

(३) तपाईले अनुगमन गर्ने विद्यालयहरुबाट तथ्यांक पुरै सत्य तथ्य प्राप्त हुन सकेको छ ?

(क) छ (ख) छैन (ग) आंशिक छ (घ) भन्न सकिन्न

(४) तपाइको श्रोतकेन्द्र अन्तर्गतका बालबालिकाहरुले के कारणले बिचैमा विद्यालय छाड्ने गर्दछन ?

(क) आर्थिक कारणले (ख) चेतनाको कमी

(ग)अभिभावकको लापारवाही (घ) विद्यालयको लापारबाही

(५) तपाइले विद्यालयमा कति पटक अनुगमन गर्नु हुन्छ ?

(क)मासिक (ख) द्वैमासिक (ग) त्रैमासिक (घ) चौमासिक

(६) बीचैमा विद्यालय छाड्ने बालबालिकालाइ कक्षामा कसरी टिकाइ राख्न सकिन्छ ?

....................................................

(७) बिद्यार्थीले किन बिचैमा पढाइ छाड्छन ?

(क) आर्थिक अभाव (ख) घरायसी काम

(ग) अभिभावकमा चेतनाको अभाव (घ) उदासिनता

(८) विद्यार्थी अनुत्तिर्ण हुनुमा सवैभन्दा बढी जिम्मेवार को हुन्छ ?

................................................................

(९) कुन कक्षामा सबै भन्दा बढी विद्यार्थीले कक्षा दोहोऱ्याउँछन् ?

(क) १ (ख) २ (ग) ३ (घ) सो भन्दा माथि

(१०) कुन विषयमा सबै भन्दा बढी बिद्यार्थी फेल हुन्छन् ?

(क) नेपाली (ख) अंग्रेजी (ग) गणित (घ) बिज्ञान

## अनुसूची-७

**आधारभूत तहका विद्यार्थीहरुले कक्षा छाड्नाका कारणहरु**

नमूना छनौट विद्यालयको विद्यार्थी विवरण

| कक्षा | भर्ना भएका वि.सं. | | | परीक्षामा सम्मिलित वि.सं. | | | कक्षा छाड्ने वि.सं. | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | १७ | १३ | ३० | १६ | १० | २६ | १ | ३ | ४ |
| २ | २० | १७ | ३७ | १८ | १४ | ३२ | २ | ३ | ५ |
| ३ | २६ | २२ | ४८ | १९ | १९ | ३८ | ७ | ३ | १० |
| ४ | १९ | २६ | ४५ | १९ | २२ | ४१ | – | ४ | ४ |
| ५ | ११ | १६ | २७ | ११ | १३ | २४ | – | ३ | ३ |
| ६ | २८ | १८ | ४६ | २० | १३ | ३३ | ८ | ५ | १३ |
| ७ | ३१ | २३ | ५४ | २९ | २० | ४९ | २ | ३ | ५ |
| ८ | २३ | १८ | ४१ | २१ | १७ | ३८ | २ | १ | ३ |
| जम्मा | १७५ | १५३ | ३२८ | १५३ | १२८ | २८१ | २२ | २५ | ४७ |

स्रोत : स्थलगत अध्ययन २०६७

# अनुसूची-८

## आधारभूत तहका विद्यार्थीहरुले कक्षा छाड्नाका कारणहरु

नमूना छनौट विद्यालयको विद्यार्थी विवरण

| कक्षा | भर्ना भएका वि.सं. | | | परीक्षामा सम्मिलित वि.सं. | | | कक्षा छाड्ने वि.सं. | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | ३५ | २८ | ६३ | ३४ | २८ | ६२ | १ | – | १ |
| २ | ३३ | ३१ | ६४ | ३३ | ३१ | ६४ | – | – | – |
| ३ | २४ | २१ | ४५ | २१ | १८ | ३९ | ३ | ३ | ६ |
| ४ | २७ | २३ | ५० | २५ | २० | ४५ | २ | ३ | ५ |
| ५ | ३४ | ३१ | ६५ | ३१ | ३० | ६१ | ३ | १ | ४ |
| ६ | ३५ | २७ | ६२ | ३१ | २४ | ५५ | ४ | ३ | ७ |
| ७ | ३३ | ३१ | ६४ | ३२ | २९ | ६१ | १ | २ | ३ |
| ८ | ४१ | ३८ | ७९ | ४१ | ३५ | ७६ | – | ३ | ३ |
| जम्मा | २६२ | २३० | ४९१ | २४८ | २१५ | ४६३ | १४ | १५ | २९ |

स्रोत : स्थलगत अध्ययन २०६७

# अनुसूची-९

## आधारभूत तहका विद्यार्थीहरुले कक्षा छाड्नाका कारणहरु

नमूना छनौट विद्यालयको विद्यार्थी विवरण

| कक्षा | भर्ना भएका वि.सं. | | | परीक्षामा सम्मिलित वि.सं. | | | कक्षा छाड्ने वि.सं. | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | २० | १७ | ३७ | २० | १७ | ३७ | – | – | – |
| २ | १८ | १८ | ३६ | १८ | १५ | ३३ | – | ३ | ३ |
| ३ | २१ | १९ | ४० | २० | १७ | ३७ | १ | २ | ३ |
| ४ | २३ | २१ | ४४ | २१ | १८ | ३९ | २ | ३ | ५ |
| ५ | २० | २१ | ४१ | २० | २० | ४० | – | १ | १ |
| ६ | २३ | २२ | ४५ | २० | १७ | ३७ | ३ | ५ | ८ |
| ७ | २४ | १७ | ४१ | २१ | १५ | ३६ | ३ | २ | ५ |
| ८ | २१ | १८ | ३९ | २० | १५ | ३५ | १ | ३ | ४ |
| जम्मा | १७० | १५३ | ३२३ | १६० | १३४ | २९४ | १० | १९ | २९ |

स्रोत : स्थलगत अध्ययन २०६७

# अनुसूची-१०

## आधारभूत तहका विद्यार्थीहरुले कक्षा छाड्नाका कारणहरु

नमूना छनौट विद्यालयको विद्यार्थी विवरण

| कक्षा | भर्ना भएका वि.सं. | | | परीक्षामा सम्मिलित वि.सं. | | | कक्षा छाड्ने वि.सं. | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | १७ | १४ | ३१ | १७ | १३ | ३० | – | १ | १ |
| २ | १५ | १३ | २८ | १५ | १३ | २८ | – | – | – |
| ३ | १४ | १४ | २८ | १४ | १४ | २८ | – | – | – |
| ४ | १७ | १३ | ३० | १५ | १२ | २७ | २ | १ | ३ |
| ५ | १८ | १५ | ३३ | १७ | १५ | ३२ | १ | – | १ |
| ६ | २१ | १९ | ४० | १८ | १५ | ३३ | ३ | ४ | ७ |
| ७ | २० | १८ | ३८ | १९ | १६ | ३५ | १ | २ | ३ |
| ८ | २२ | १७ | ३९ | २२ | १५ | ३७ | – | २ | २ |
| जम्मा | १४४ | १२३ | २६७ | १३७ | ११३ | २५० | ७ | १० | १७ |

स्रोत : स्थलगत अध्ययन २०६७

# अनुसूची-११

## आधारभूत तहका विद्यार्थीहरुले कक्षा छाड्नाका कारणहरु

नमूना छनौट विद्यालयको विद्यार्थी विवरण

श्री ........................................................

| कक्षा | भर्ना भएका वि.सं. | | | परीक्षामा सम्मिलित वि.सं. | | | कक्षा छाड्ने वि.सं. | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |
| ६ | | | | | | | | | |
| ७ | | | | | | | | | |
| ८ | | | | | | | | | |
| जम्मा | | | | | | | | | |